**स्थानीय विपद् जोखिम न्युनीकरण रणनीतिक कार्ययोजना (२०२०-२०३०)**

# Local Disaster Risk Reduction Strategic Action Plan (2020-2030)

राजपुर गाउँपालिका, दाङ्ग, लुम्बिनी प्रदेश

राजपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गंगदी, दाङ्ग, लुम्बिनी प्रदेश, नेपाल

# संक्षिप्त शब्दहरुका विस्तृत रुप

| | |
|---|---|
| कापा (CAPA): | समुखायमा आधारित अनुकुलन योजना |
| सीबीईडब्लुएस (CBEWS) : | समुदायमा आधारित पूर्वानुमान प्रणाली |
| सीबीओ (CBO) : | समुदायमा आधारित संस्थाहरु |
| सीबीएस (CBS) : | केन्द्रीय तथ्याङ्क ब्यूरो |
| सीडीएमसी (CDMC) : | सामुदायिक विपद्व्यवस्थापन समिति |
| डीडीआरसी (DDRC) : | जिल्ला दैवी प्रकोप उद्दार समिति |
| डीईओसी (DEOC) : | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र |
| डीजीएम (DGM) : | खानी तथा भुगर्भ विभाग |
| डीएचएम (DHM) : | जल तथा मौसम विज्ञान विभाग |
| डीपीआरपी (DPRP) : | जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना |
| डीआरआर (DRR) : | विपद्जोखिम न्यूनीकरण |
| डीडब्लुआइडीएम (DWIDM) : | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग |
| ईबिए (EbA): | पारिस्थितिकी प्रणालीमा आधारित अनुकूलन |
| ईकोडीआरआर (Eco DRR) : | वातावरण मैत्री विपद्जोखिम न्यूनीकरण |
| ईओसी (EOC) : | आपत्कालिन कार्य सञ्चालन केन्द्र |
| ईडब्लुएस (EWS) : | पूर्व चेतावनी प्रणाली |
| एफबीएफ (FbF) : | पूर्वानुमान आधारित लगानी |
| जिआईएस (GIS): | भौगोलिक सूचना प्रणाली |
| जिएलडीपि (GLDP): | निर्देशित जग्गा विकास कार्यक्रम |
| आईसी (IEC) : | जानकारी, शिक्षा तथा संचार |
| आइएफआइ (IFI) : | सृजनशील आर्थिक साधनहरू |
| आइआरए (IRA) : | प्रारम्भिक द्रुत लेखाजोखा |
| लापा (LAPA): | स्थानिय अनुकुलन योजना |
| एलडीएमसी (LDCRC) : | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति |

| | |
|---|---|
| एलडीआरएमपी (LDRMP) : | स्थानीय विपद्जोखिम व्यवस्थापन योजना |
| एलपिपि (LPP): | जग्गा एकीकरण कार्यक्रम |
| एमआरआइए (MIRA) : | बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा |
| एनसीआरएस (NRCS) : | नेपाल रेडक्रस सोसाइटी |
| एनएसडीआरएम (NSDRM) : | विपद्जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति |
| एसएआर (SAR): | खोज तथा उद्धार |
| एसडीजीएस (SDGs) : | दीगो विकास लक्ष्यहरू |
| एसडीआरएमपी (SDRMP) : | विद्यालय विपद्जोखिम व्यवस्थापन योजना |
| एसएसपी (SSP): | घडेरी तथा सेवा सुविधा कार्यक्रम |
| वाईडीआरआर (YDRR) : | युवामैत्री विपद्जोखिम न्यूनीकरण |

# विषयसुची


**संक्षिप्त शब्दहरुका विस्तृत रुप** i

**विषयसुची** iii

**तालिकासूची** vi

**चित्रसुची** viii

**कार्यकारी सारांश** ix

**अध्याय १: पृष्भुमी** १

*१.१ राजुपर गाउँपालिकाको परिचय* १

*१.२ विपद्को अवस्था* ३

**अध्याय २: विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५ र राष्ट्रिय विपद् जोखिम न्युनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० र विद्यमान कानुनी तथा नीतिगत व्यवस्था** ६

**अध्याय २: विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५ र राष्ट्रिय विपद् जोखिम न्युनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० र विद्यमान कानुनी तथा नीतिगत व्यवस्था** ७

*२.१ विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५* ७

*२.२ राष्ट्रिय विपद् जोखिम न्युनीकरण रणनीतिक कार्ययोजना २०१८२०३०* ८

*२.३ राजुपर गाउँपालिकाको विपद् जोखिम न्युनीकरण नीति २०७७* ८

*२.४ विद्यमान कानुनी तथा नीतिगत व्यवस्था* ९

*२.५ रणनीतिक कार्ययोजना निर्माण प्रकिया* ११

**अध्याय ३: विपद् जोखिम न्युनीकरणका लागि रणनीतिक कार्ययोजना** १३

**अध्याय ३: विपद् जोखिम न्युनीकरणका लागि रणनीतिक कार्ययोजना** १४

*३.१ परिचय* १४

*३.२ मार्गदर्शक सिद्धान्त* १४

*३.३ दीर्घकालीन सोंच, अपेक्षित परिणाम, उद्धेश्य र लक्ष्य* १६

दीर्घकालीन सोंच १६

अपेक्षित परिणाम १६

उद्धेश्य १६

लक्ष्य १६

*३.४ प्राथमिकताप्राप्त क्षेत्रहरू* १९

**अध्याय ४: प्राथमिकता प्राप्त क्षेत्र १ (विपद् जोखिम बारे बुझाई)** २२

**अध्याय ४: प्राथमिकता प्राप्त क्षेत्र १ (विपद् जोखिम बारे बुझाई)** २३

*४.१ प्रकोपबमोजिम जोखिमको आकलन* २४
४.१.१ बाढी/डुवान जोखिम २४
४.१.२ सर्पदंस तथा अन्य वन्यजन्तुको जोखिम २६
४.१.३ भुकम्पीय जोखिम २७
४.१.४ स्वास्थ्य/महामारी जोखिम २८
४.१.५ आगलागी र वनडढेलोको जोखिम ३०
४.१.६ जलवायूजन्य जोखिम ३१
४.१.७ डुङ्गा/सडक दुर्घटना जोखिम ३५
४.१.८ औद्योगिक (रासायनिक, विकिरण) जोखिम ३५
*४.२ बहुप्रकोप जोखिम आकलनको लागि अन्तर निकाय समन्वय* ३६
*४.३ प्रभावकारी विपद् व्यवस्थापन सुचना प्रणालीको विकास तथा सुचना प्रवाह* ३७
*४.४ विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि* ३८
**अध्याय ५: प्राथमिकता प्राप्त क्षेत्र २ गाउपालिकामा विपद् जोखिम शासकीय पद्धतिको सूदृढीकरण** ४१
**अध्याय ५: प्राथमिकता प्राप्त क्षेत्र २ गाउपालिकामा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण** ४२
*५.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण* ४४
*५.२ कानुनी र नियामक संरचनाको निर्माण* ४५
*५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी* ४८
*५.५ विपद् जोखिम न्युनीकरणमा समावेशीताको सुनिश्चितता* ५०
**अध्याय ६: प्राथमिकताप्राप्त क्षेत्र ३ (विपद जोखिम न्युनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन** ५१
**अध्याय ६: प्राथमिकताप्राप्त क्षेत्र ३ (विपद जोखिम न्युनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन** ५२
*६.१ उत्थानशीलता बृद्धिमा लगानी प्रवर्धन* ५३
*६.२ विपद् जोखिम न्युनीकरणमा सार्वजनिक लगानी वृद्धि* ५८
*६.३ विपद् जोखिम न्युनीकरणमा निजी लगानी प्रवर्धन* ५९
*६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सूरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि* ६१
**अध्याय ७: प्राथमिकता प्राप्त क्षेत्र ४ (प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा “अझ राम्रो र बलियो निर्माण”का लागि विपद् पुर्वतयारीको सूदृढीकरण** ६३
**अध्याय ७: प्राथमिकता प्राप्त क्षेत्र ४ (प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा “अझ राम्रो र बलियो निर्माण”का लागि विपद् पुर्वतयारीको सूदृढीकरण** ६४
*७.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पुर्वतयारीको सूदृढीकरण* ६५
*७.२ विपद् पुर्वतयारीको लागि बहुप्रकोप पुर्व सुचना प्रणालीको विकास* ६७
*७.३ समुदायमा आधारित विपद् जोखिम न्युनीकरण प्रवर्धन* ६९
*७.४ विपद् पुर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सूदृढीकरण* ७१

*७.५ खोज तथा उद्धारको क्षमता अभिवृद्धि* *७२*
*७.६ पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” अवधारणा प्रवर्धन* *७६*
**अध्याय ८: रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था** **७९**
**अध्याय ८: रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था** **८०**
**अध्याय ९: रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनूगमन, समीक्षा र संशोधन** **८२**
**अध्याय ९: रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनूगमन, समीक्षा र संशोधन** **८३**
**सन्दर्भ सामग्री** **८५**

# तालिकासूची

तालिका १: विपद् क्षति न्यून गर्न सन् २०३० सम्मका लागि राजपुर गाउँपालिकाले लिएको लक्ष्य १७

तालिका २: बाढी /डुवान जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप २५

तालिका ३: सर्पदम्स तथा अन्य वन्यजन्तुको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप २७

तालिका ४: भूकम्पीय जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप २७

तालिका ५: स्वास्थ्य/महामारी जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप २९

तालिका ६: आगलागी र वनडढेलोको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३०

तालिका ७: खडेरी/सुख्खोको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३१

तालिका ८: चट्याङको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३२

तालिका ९: हावाहुरीको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३३

तालिका १०: तातो हावाको लहरको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३३

तालिका ११: शीतलहरको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३४

तालिका १२: डुङ्गा/सडक दुर्घटनाको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३५

तालिका १३: औद्योगिक जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३६

तालिका १४: बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३६

तालिका १५: प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३७

तालिका १६: विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ३८

तालिका १७: संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ४४

तालिका १८: कानूनी र नियामक संरचनाको निर्माण गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ४५

तालिका १९: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ४९

तालिका २०: विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ५०

तालिका २१: उत्थानशीलता बृद्धिमा लगानी प्रवर्धन गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ५३

तालिका २२: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ५८

तालिका २३: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ५९

तालिका २४: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ६१

तालिका २५: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ६६

तालिका २६: विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ६८

तालिका २७: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ६९

तालिका २८: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ७१

तालिका २९: खोज तथा उद्धारको क्षमता अभिवृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ७२

तालिका ३०: पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” अवधारणा प्रवर्धन गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप ७६

# चित्रसुची

चित्र १:   राजपुर गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू   २१

चित्र २: समुदायमा आघारित पुर्व चेतावनी प्रणालीका मुख्य अवयवहरु   २५

# कार्यकारी सारांश

संविधानको अनुसूची ८ ले स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका लागि स्थानीय तहलाई जिम्मेवार बनाएको छ साथै अनुसूची ९ ले विपद्को अवस्था हेरी विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको सामुहिक दायित्वको रुपमा पनि परिभाषित गरेको छ । यस अर्थमा स्थानीय तहलाई सक्षम बनाउदै स्थानीय विकासलाई उत्थानशील बनाउनु आजको आवश्यकता बनेको छ । यसै आवश्यकतालाई सम्बोधन गर्न गाउँकार्यपालिका कार्यालय राजपुरले "स्थानीय विपद् जोखिम न्युनीकरण रणनीतिक कार्ययोजना (२०२०-२०३०)" तयार गरेको हो । यस रणनीतिको मूल उद्देश्य स्थानीय विपद् जोखिम न्युनीकरणलाई स्थानीय विकासको योजना, विधि र प्रक्रियामा समावेश गर्दै स्थानीय समुदाय र तहको विपद् सामना गर्ने क्षमता, क्रमिक र निरन्तर रूपमा बढाउँदै लैजानु हो । यो रणनीतिक कार्ययोजना निर्माण सेन्डाइ कार्यढाँचा र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० को आधारमा तयार गरीएको छ । यो रणनीतिक कार्ययोजनाका लागि निम्न बमोजिमका चार प्राथमिकता प्राप्त क्षेत्रहरु र अठार प्राथमिकताप्राप्त कार्यहरु तय गरीएका छन् ।

**प्राथमिकताप्राप्त क्षेत्र १: विपद् जोखिम बारे बुझाई**

प्राथमिकताप्राप्त कार्य १ : प्रकोप बमोजिम जोखिम आँकलन
प्राथमिकताप्राप्त कार्य २ : बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय
प्राथमिकताप्राप्त कार्य ३ : प्रभावकारी विपद् व्यस्वथापन सुचना प्रणालीको विकास तथा सुचना प्रवाह
प्राथमिकताप्राप्त कार्य ४ : विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र २: गाउँपालिकामा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

प्राथमिकताप्राप्त कार्य ५ : संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण
प्राथमिकताप्राप्त कार्य ६ : कानुनी तथा नियामक संरचना निर्माण
प्राथमिकताप्राप्त कार्य ७ : प्रभावकारी विपद् व्यवस्थापन सुचना प्रणालीको विकास तथा सुचना प्रवाह
प्राथमिकताप्राप्त कार्य ८ : विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र ३: विपद् जोखिम न्युनीकरणका लागि उत्थानशीलता बृद्धि गर्न बृहतर जोखिम जानकारीमा आधारित निजि तथा सार्वजनिक लगानी प्रर्बधन**

प्राथमिकताप्राप्त कार्य ९ : उत्थानशीलता बृद्धिका लगानी प्रर्बधन
प्राथमिकताप्राप्त कार्य १० : विपद् जोखिम न्युनीकरणमा सार्वजनिक लगानी बृद्धि
प्राथमिकताप्राप्त कार्य ११ : विपद् जोखिम न्युनीकरणमा निजि लगानी बृद्धि

प्राथमिकताप्राप्त कार्य १२ : जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत् विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण " का लागि विपद् पुर्वतयारीको सुदृढीकरण**

प्राथमिकताप्राप्त कार्य १३ : प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पुर्वतयारीको सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १४ : विपद् पुर्वतयारीको लागि बहु-प्रकोप पुर्वसुचना प्रणालीको विकास

प्राथमिकताप्राप्त कार्य १५ : समुदायमा आधझारित विपद् जोखिम न्युनीकरण प्रवर्धन

प्राथमिकताप्राप्त कार्य १६ : विपद् पुर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १७ : खोज तथा उद्धारको क्षमता अभिबृद्धि

प्राथमिकताप्राप्त कार्य १८: पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण " अवधारणा प्रवर्धन

हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत रणनीतिक कियाकलापहरुमा सामान्यतया सन् २०२० देखि २०२२ सम्मको अवधिलाई अल्पकालिन सन् २०२० देखि २०२५ सम्मको अवधिलाई मध्यकालिन, सन् २०२० देखि २०३० सम्मको अवधिलाई दीर्घकालिन र निरन्तररुपमा गरिरहनुपर्ने कियाकलापहरुका लागि निरन्तर भनि प्रस्ताव गरीएका छन् । यस रणनीतिक कार्ययोजनालाई सरल र कार्यान्वयन योग्य बनाउन प्रयास गरीएको भएतापनि यसको अद्यावधिक र आवधिक सुधार निरन्तररुपमा आवश्यक हुनेछ । यस रणनीतिक कार्ययोजनाको आवधिक समिक्षा र अद्यावधिक गर्न गाउँपालिका, निजी क्षेत्र र अन्य साझेदारहरुको संयुक्त अनुभवको आधारमा लगातार प्रयास हुनेछ ।

यस स्थानिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०२०-२०३० मा नौ अध्यायहरू छन् । पहिलो अध्यायमा पृष्ठभुमीको रुपमा राजपुर गाउँपालिकामा विपद् जोखिमको अवस्थाबारे संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा विपद् जोखिम व्यवस्थापनका, विद्यमान कानूनी तथा नितीगत व्यवस्था र स्थानिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तयारी प्रकिया बारेमा आवश्यक जानकारी गराउने प्रयास गरीएको छ । तेस्रो अध्यायमा विपद् जोखिम न्यूनीकरणका लागि रणनीतिक कार्ययोजनाका प्राथमिकताप्राप्त क्षेत्रहरू प्रस्तुत गरिएको छ । चौथो अध्यायदेखि सातौं अध्यायमा कार्ययोजनाको निम्ति चार प्राथमिकता प्राप्त क्षेत्रहरुमा प्रत्येक विस्तृत कियाकलापहरु अलग अलग प्रस्तुत गरिएका छन् । आठौं अध्यायले रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तिय विकल्पहरु प्रस्तुत गरिएको छ र नवौं अध्यायमा रणनीतिक कार्ययोजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकनको विधि समावेश गरिएको छ ।

# अध्याय १: पृष्भुमी

## १.१ राजपुर गाउँपालिकाको परिचय

लुम्बिनी प्रदेशको दाङ्ग जिल्लामा पर्ने राजपुर गाउँपालिका समुद्र सतहबाट १८७ मिटरदेखि ८५२ मिटरसम्मको उचाइमा ५७७.३३ वर्ग किमि क्षेत्रफलमा फैलिएको छ। विश्व मानचित्रमा अक्षांश २७° ३९' देखि २८°०३' उत्तर र देशान्तर ८२° ६'देखि ८२° ३०' सम्म पूर्वमा अवस्थित यस गाउँपालिकाको पूर्वमा गढवा गाउँपालिका र लमही नगरपालिका, पश्चिममा बाँके जिल्ला उत्तरमा लमही नगरपालिका तथा दक्षिणमा भारत रहेको छ।

गाउँपालिकाको दक्षिणी क्षेत्रमा चुरे पर्वत श्रृङखला र त्यस अन्तर्गतको भावर क्षेत्र रहेको छ भने उत्तरी भागमा समथर तराई क्षेत्र रहेको छ। भूआकृतिमा भएको यस फरकअनुसार यस तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ।

(क) **दक्षिणी चुरे क्षेत्र** : भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ। यस क्षेत्रमा पाइने चट्टानहरूमा ढुङ्गा, बलौटे चट्टान, बालुवा, खस्रो बालुवा, सिल्ट र सेल को बाहुल्यता रहेको छ।

(ख) **मध्य भावर क्षेत्र** :चुरे पर्वत श्रृङखलाको फेदमा यो क्षेत्र रहेको छ। यस क्षेत्रमा ग्राभेल, वालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाईन्छ।

(ग) उत्तरी **तराई क्षेत्र** : गाउँपालिकाको उत्तरी भूभागमा अवस्थित राप्ती नदीको समथर भुभाग रहेको यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाईन्छ।

यस गाउँपालिका रहेको दाङ जिल्लाको औषत सामान्य वर्षहरुमा अधिकतम् तापक्रम २०.५ डिग्री सेल्सीयसदेखि ३९.९ डिग्री सेल्सीयससम्म पुग्ने गरेको छ भने न्यूनतम तापक्रम २१.८ डिग्री सेल्सीयसदेखि २.५ डिग्री सेल्सीयस हुन्छ (राजपुर गाउँपालिकाको पार्श्वचित्र, २०७४)। गाउँपालिकामा गृष्म ऋतुमा केही गर्मीको र हिउँदमा सामान्य जाडो महसुस हुन्छ। जिल्लामा वार्षिक सरदर १,७०६ मिलिमिटर (आषाढ, श्रावण र भाद्रमा बढी वर्षा हुने) वर्षा हुने गरेको छ। तर विगतका वर्षहरुका आँकडाहरु हेर्दा जिल्लामा न्यूनतम ताफक्रम ०.० डिग्री सेल्सीयस र अधिकतम तापक्रम ४०.५ डिग्री सेल्सीयससम्म पुगेको देखिन्छ (राजपुर गाउँपालिकाको पार्श्वचित्र, २०७४)। त्यसैगरी सरदर वर्षाको मात्रामा पनि निकै फरक परेको देखिन्छ, जस अनुसार विगत १० वर्षको आँकडा हेर्दा १,२६६.३ देखि १,७७९.५ मि.मि. पानी परेको देखिन्छ (राजपुर गाउँपालिकाको पार्श्वचित्र, २०७४)। बङ्गालको खाडीबाट चल्ने मनसुनी वायुबाट यहाँ वर्षा हुने

गर्दछ, जुन असार महिनाबाट सुरु भै भदौ महिनासम्म सक्रिय रहन्छ । हिउँदमा भने पश्चिमी मनसुनी हावाबाट फाटफुट पानी पर्ने गर्दछ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार राजपुर गाउँपालिकाको जनसंख्या २५,०३७ रहेको छ जस मध्ये पुरुष १२,२५१ जना (४८.९३ प्रतिशत) र महिला १२,७८६ जना (५१.०७ प्रतिशत) रहेका छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार यो गाउँपालिकामा महिला पुरुष अनुपात ०.९६ (१०० पुरुष बराबर ९६ महिला) रहेको छ । यसको कुल जनसंख्या मध्ये १३,२९३ जना (५३.०९ प्रतिशत) १५ देखि ५९ वर्ष उमेर समूहका, १०,१८५ जना (४०.६८ प्रतिशत) १४ वर्ष वा सो भन्दा कम उमेरका र १,५५९जना (६.२३८प्रतिशत) ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार राजपुर मा ४,४७३ घरपरिवार रहेका छन् । हाल यस गाउँपालिकामा प्रति परिवार औषत ५.६० जना सदस्य रहेको देखिन्छ भने साक्षरता दर ६३.५६ प्रतिशत रहेको छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस को कुल जनसंख्या मध्ये २.७० प्रतिशत अर्थात ६७७ जना अपाङ्गता भएकाहरू रहेका छन् । जस मध्ये ३८२ जना (५६.४३ प्रतिशत) पुरुष र २९५ जना (४३.५७ प्रतिशत) महिला छन् ।

राजपुर गाउँपालिकाको पार्श्वचित्रका अभिलेख अनुसार राजपुर गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको १३६.७७ (२३.७१ प्रतिशत) वर्ग कि.मि. जग्गा खेती योग्य जमिनको रुपमा रहेको छ भने ४२२.५२ वर्ग कि.मि.(७३.२५ प्रतिशत) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । त्यस्तै चरन क्षेत्रले करिव ६.७३ वर्ग कि.मि. (१.१७ प्रतिशत) जग्गा ओगटेको पाइन्छ । राजपुर गाउँपालिकामा खोला, नदी, पोखरी आदि क्षेत्रले करिव ४.११ वर्ग कि.मि. (०.७१ प्रतिशत) र बालुवाले २.४४वर्ग कि.मि. (०.४४प्रतिशत) जमिन ओगटेको छ ।

राजपुर गाउँपालिकाको ४२२.५२ वर्ग कि.मि.(७३.२५ प्रतिशत) वनक्षेत्रमा मुख्यत साल (*Shorea robusta),* साज (*Terminalia tementosa),* सतिसाल (*Dalbergia latifolia),* खयर *(Acacia catechu),* भलायो *(Semicarpous anacardium),*अमला (*Emblica officinalis),* बेल (*Aegle marmelos),* भोर्ला (*Bauhinia vahlii),* थाकल (*Phoenix humilis),* बाँस (*Dendrocalamus sps*) प्रजातीका वनस्पतिहरु लगायत विभिन्न प्रकारका जडिबुटिहरु र गैरकाष्ठ पैदावारहरु पाइन्छन् । रतुवा (*Muntiacus muntjak*), चितुवा (*Panthera pardus),* वनबिरालो (*Felis chaus*), स्याल (*Canis aureus*), हुँडार (*Hyena hyena*), ठुलो नीरबिरालो

(*Viverricula zibetha),* सानो नीरबिरालो (*Viverricula indica*), गाजले नीरबिरालो (*Paguma larvata*), ताडी नीरबिरालो (*Paradoxurus hermaphrodites*), बँदेल (*Sus scurfa*), तराई लंगुर (*Semnopithecus hector*) जनावरहरुको प्रमुख बासस्थानका रुपमा यो गाउँपालिका चिनिन्छ ।

राप्ती नदी राजपुर गाउँपालिका भई बग्ने ठुलो नदी हो । राप्ती नदीले राजपुर गाउँपालिकाको सबै वडा छुँदै पूर्वबाट पश्चिम भएर बगेको छ । राजपुर गाउँपालिकामा रहेका अन्य खोलाहरुमा खंग्रा खोला, गुरुङ्ग खोला पाटुली खोला, ताउले खोला, रसरी खोला, मारुनी खोला, फोरी खोला, करङ्गा खोला, महन्ती खोला, खंग्री खोला, हरैया खोला, रीउ खोला, दङ्गमारा खोला, सोन प्रथी खोला, गोथुवा खोला भंसाही खोला भैंसेही खोला आदि हुन् । यिनै नदी तथा खोलामा आउने बाढीका कारण नदि तटिय क्षेत्रमा बसोवास गर्ने समुदायहरुले प्रत्येक बर्ष बाढीको जोखिमको सामना गरीरहनुपरेको छ । यस गाउँपालिकाको खंग्रा नाकामा रहेको मयुर ताल, सिरुवा पोखरी प्रमुख पोखरीहरु हुन् । यस गाउँपालिकाको सुनपत्रीमा सुनछहारी झरना पनि प्रमुख पर्यटकिय स्थान हो ।

## १.२ विपद्को अवस्था

यस गाउँपालिकाको विपद्को इतिहास अध्ययन गर्दा बाढी, डुबान, आगलागी, सर्पदंस, असुरक्षित पिउने पानी, भूकम्प, चट्याङ, हावाहुरी, माहामारी, डुंगा दुर्घटना, खडेरी, किट तथा अन्नबालीमा लाग्ने रोग, शीतलहर मुख्य विपद्को रुपमा पाईएको छ् । यसरी बर्षेनी घटिरहने कम, प्रभाव र असरका आधारमा बाढी, डुबान, आगलागी, सर्पदंग्स, र असुरक्षित पिउने पानी प्रमुख रुपमा प्राथमिकतामा पर्ने देखिन्छ ।

पश्चिम राप्तीको तटिय क्षेत्रमा भएको र दक्षिणी भु-बनोट जटिल र कमजोर रहेको कारणले यस गाउँपालिका धैरै भुभाग बाढीको लागि संवेदनशील देखिन्छ । अधिकाशं क्षेत्र कमजोर चुरेपहाडी भएकाले जमिनको माथिल्लो सतह बगेर तल्लो क्षेत्रतिर जाने गर्दछ । यसबाट वर्षेनी बाढी तथा नदी कटानको समस्याका साथै नदी खोलाहरुकोको पिंध अत्याधिक बढिरहेको छ । स्थानियहरुको अनुभवका आधारमा विं. सं. २०१९ देखि २०७७ सम्म(बिगत ५८ वर्ष) को तथ्याङ्क विश्लेषण गर्दा राजपुर गाउँपालिकामा करिव १३१ घरधुरी र १४ गोठ, ३४६ बिघा जमिनहरु र लाखौं बराबरको धनमाल बाढीले बगाएको छ र सो कममा १० व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको र ५ घाईते भएको देखिन्छ ।

जल उत्पन्न प्रकोप नियन्त्रण विभागको २००७को आकडानुसार पश्चिम राप्तीको जलाधारमा रहेको यस गाउँपालिका बाढीको उच्च जोखिम रहेको क्षेत्रमा पर्दछ । तल्लो तटिय क्षेत्रमा रहेको समुदायका व्यक्तिहरुको

धनजनको क्षतिको जोखिम कम गर्ने उद्धेश्यले सन् २०१० मा नेपाल सरकारको जल तथा मौसम विज्ञान विभागले प्राक्टिकल एक्सन एवंम् स्थानिय सरकारहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र निजी क्षेत्रको सहकार्यमा पश्चिम राप्तीमा समुदायमा आधारित बाढी पुर्वसुचना प्रणालीको स्थापना गरिएको छ । पश्चिम राप्तीको कुशुम र नयाँगाउँमा रहेको टेलिमेट्री प्रणालीले जलसतह र वर्षा दुवैको वास्तविक समयको आकडा मापन गर्दछ भने बागासोतीमा भएको प्रणालीले जलसतहको वास्तविक समयको आकडामापन गर्दछ त्यस्तै चेर्नेटामा भएकोले जल सतहको मापन गर्दछ भने अन्य सात स्टेसनले वर्षाको वास्तविक समयको आकडा मापन गर्दछ ।

गाउँपालिकाको करिब ७३.२५ प्रतिशत वनले ढाकेको हुँदा अधिकांश बस्तीहरुमा मानव वन्यजन्तु द्वन्द्वको चपेटामा रहेको छ । पछिल्लो ४४ वर्ष मा जंगलीजनावरको आक्रमणबाट ६ व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको र १० घाईते भएको देखिन्छ । यसै गरी २०३५ देखि २०७६ करिव ३२ जना सर्पदंसको शिकार भएको देखिन्छ जसमा २१ व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको देखिन्छ । वर्षामा अनियमितता, बाढी, खडेरी, जंगलीजनावरको आतकं तथा भूक्षय जस्ता प्रकोपको कारण कृषि उपजमा आएको कमी यस गाउँपालिकामा पनि महशुस गरिएको छ ।

राजपुरका घरहरुमा खरको प्रयोग अझै पनि व्याप्त रहेकाले यहाँका घरहरुमा आगलागीको जोखिम अझै छ । स्थानियहरुको अनुभवका आधारमा विं. सं. २०३३ देखि २०७७ सम्म( पछिल्लो ४४ वर्ष) को करिव १४ टोलमा भएका ८२ घटनामा ३५२ घरधुरी र १०७ गोठहरुमा आगलागी भए जसमा ६ व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको देखिन्छ । १४९ पशुचौपाया, ८८ कुखुरा ७२ क्वीन्टल अन्नपनत र रु १०,१७,७३,०१६ नगद पनि नाश भएको पाईन्छ । त्यस्तै हावाहुरी, भूकम्प, चट्याङ, महामारीहरुले बेलाबखतमा आंशिक क्षति गरेको देखिन्छ । बजारसँगको पहुँचका लागि राप्ती नदीमा विगतमा धेरै स्थानमा डुंगा संचालनमा रहेता पनि हाल १-२ स्थानमा मात्र रहेको छ । पुलको अभावले गर्दा वि.स. २०६० देखि २०७६सम्ममा डुंगा दुर्घटनामा १७ व्यक्तिहरूले आफ्नो ज्यान गुमाएका थिए ।

**Comment [KB1]:** Data source?

संविधानको अनुसूची ८ ले स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनका लागि स्थानीय तहलाई जिम्मेवार बनाएको छ साथै अनुसूची ९ ले विपद्को अवस्था हेरी विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको सामुहिक दायित्वको रुपमा पनि परिभाषित गरेको छ । यस अर्थमा स्थानीय तहलाई सक्षम बनाउदै स्थानीय विकासलाई उत्थानशील बनाउनु आजको आवश्यकता बनेको छ । यसै आवश्यकतालाई सम्बोधन गर्न गाउँकार्यपालिका कार्यालय राजपुरले “स्थानीय विपद् जोखिम न्युनीकरण रणनीतिक

कार्ययोजना (२०२०-२०३०)" तयार गरेको हो । यस प्रस्तावित रणनीतिको मूल उद्देश्य स्थानीय विपद् जोखिम न्युनीकरणलाई स्थानीय विकासको योजना, विधि र प्रक्रियामा समावेश गर्दै स्थानीय समुदाय र तहको विपद् सामना गर्ने क्षमता, क्रमिक र निरन्तर रूपमा बढाउँदै लैजानु हो । यो रणनीतिक कार्ययोजना निर्माण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० को आधारमा तयार गरीएको छ ।

# अध्याय २: विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५ र राष्ट्रिय विपद् जोखिम न्युनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० र विद्यमान कानुनी तथा नीतिगत व्यवस्था

# अध्याय २: विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५ र राष्ट्रिय विपद् जोखिम न्युनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० र विद्यमान कानुनी तथा नीतिगत व्यवस्था

## २.१ विपद् जोखिम न्युनीकरण राष्ट्रिय नीति २०७५

विपद् जोखिम न्यूनीकरणका लागि मूलतः सेण्डाइ कार्यढाँचा, दिगोविकासका लक्ष्यहरु, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एंव गोरखा भूकम्प तथा पछिल्ला अन्य विपद्का घटनाहरुको सिकाई र अनुभवहरु समेतलाई आधार लिई विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ तयार भएको हो । यो नीति विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ५(क) बमोजिम परिषदबाट स्वीकृत भै लागु भएको छ । यस नीतिले राहत तथा उद्धार केन्द्रित अवधारणाबाट विपद् जोखिम न्यूनीकरण केन्द्रित बृहत्तर अवधारणालाई अंगिकार गरेको छ । यस नीति तर्जुमा र कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनमा संलग्न सरकारी निकायहरू, विकास साझेदारहरू, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, रेडक्रस अभियानका अंगहरु र मानवीय सहायताको क्षेत्रमा क्रियाशील संघ संस्था एंव सामुदायिक संस्थाहरूको संलग्नता र सहयोग रहनेछ ।

विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति (NSDRM), २०६६ कार्यान्वयनमा आए पश्चात् विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा केही सार्थक प्रगति भएतापनि शासनका क्रियाकलापहरूलाई अपेक्षित रूपमा जोखिम सम्वेदनशील बनाउन नसक्दा रणनीतिका संस्थागत व्यवस्था र जोखिमको लेखाजोखा जस्ता पहिलो र दोस्रो प्राथमिकताप्राप्त क्रियाकलापहरूमा अपेक्षाकृत प्रगति हुन सकेन । भौगोलिक सूचना प्रणाली (Geographic Information System, GIS) मा आधारित विपद् सूचना व्यवस्थापन प्रणालीको स्थापना र त्यसलाई संस्थागत गर्ने कार्य तथा कार्यमूलक जोखिम सूचना र यसको प्रभावकारी प्रचार प्रसार संयन्त्रको विकास गर्ने कार्य प्रारम्भिक अवस्था मै छ । यसका अलावा जलवायुजन्य र अन्य जोखिमहरूको एकीकृत लेखाजोखा गरी जलवायु परिवर्तन अनुकूलन एवं विपद् जोखिम न्यूनीकरणलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न सकिएको छैन् । जलवायु परिवर्तन अनुकुलन र विपद् जोखिम न्यूनीकरण सम्बन्धी नीतिगत, संस्थागत एवं कानूनी व्यवस्थालाई एकीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नाले सीमित स्रोत साधनको सदुपयोग हुने हुँदा यसतर्फ ध्यान दिन आवश्यक छ । पछिल्लो दशकमा हासिल गरीएका

महत्वपूर्ण सफलताका बावजुद यो रणनीतिले नेपाललाई विपद् उत्थानशील समुदायको रूपमा स्थापित गर्न अवलम्बन गरेको दीर्घकालीन सोच हासिल गर्न विपद् जोखिम न्यूनीकरण नीति २०७५ बनेको हो ।

## २.२ राष्ट्रिय विपद् जोखिम न्युनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३०

नेपालले विपद् जोखिम व्यवस्थापन सम्बन्धि अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतिबद्धतामा सहभागी हुँदै गर्दा सन् २००५-२०१५को ह्योगो कार्यढाँचामा पनि प्रतिबद्धता जनाए अनुरूप विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २००९ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो । उक्त रणनीतिले ह्योगो कार्यढाँचामा अपेक्षा गरीएजस्तै विपद् उत्थानशील नेपालको परिकल्पना गरेता पनि हाम्रा क्रियाकलापहरू बढी प्रतिकार्य तथा राहत केन्द्रित रहे । सन् २०१५ पछिका केही ऐतिहासिक अन्तर्राष्ट्रिय सम्झौताहरू र प्रतिबद्धताहरूमध्ये विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा, दिगो विकास लक्ष्य २०१५-२०३० र जलवायु परिवर्तन सम्बन्धि पेरिस सम्झौता विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सन्दर्भमा महत्वपूर्ण हुन् ।

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० एउटा अन्तर्राष्ट्रिय मार्गदर्शन गर्ने विश्वब्यापी दस्तावेज हो भने विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ प्रमुख राष्ट्रिय मार्गदर्शन हो । सो को कार्यान्वयनबाट सिकेका कुराहरू र पहिचान गरीएका कमी कमजोरीहरू, सन् २०१५ को भूकम्प, सन् २०१४ र २०१७ को बाढी र हालैका अन्य विपद्हरूबाट सिकेका पाठहरू हाम्रा लागि व्यवहारिक मार्गदर्शन हुन् । यी विषयहरूलाई मार्गदर्शनको रूपमा लिई तयार गरीएको यो रणनीतिक कार्ययोजना सन् २०१८ देखि २०३० सम्मको अवधिलाई लक्षित गरी तयार गरीएको थियो । यो रणनीतिक कार्ययोजनाको चार प्राथमिकताप्राप्त क्षेत्रहरु र अठार प्राथमिकताप्राप्त कार्यहरु तय गरीएका छन् ।

## २.३ राजपुर गाउँपालिकाको विपद् जोखिम न्युनीकरण नीति २०७७

राजपुर गाउँपालिका दोहोरिरहने बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न घटनाहरुबाट जोखिममा रहेको छ गाउँपालिकाको भौगोलिक अवस्थिती, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भुकम्प, बाढी, डुबान, चट्याङ, खडेरी, असिना, अतिबृष्टि, अनाबृष्टि, हुरीबतास, शीतलहर, लु, वन डढेलो लगायतका प्रकोपको जोखिम भएको क्षेत्रमा पर्दछ ।

## २.४ विद्यमान कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानले प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाईको विकास गर्ने तथा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने नीति अवलम्बन गरेको छ। संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ। यसै गरी विपद् व्यवस्थापनलाई नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखेको छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रतिस्थापन गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ को उपदफा २(न)ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ। यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमनका सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन आदि कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ।

अन्तर्राष्ट्रिय स्तरमा गरीएका पहलहरूको परिमाणस्वरूप सन् २०१५ मार्चमा संयुक्त राष्ट्र संघका १८७ सदस्य राष्ट्रहरूले तेस्रो विश्व विपद् न्यूनीकरण सम्मेलनमा विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा २०१५-२०३० अवलम्बन गरिएको थियो। यसले विपद् जोखिम तथा क्षतिको न्यूनीकरणका लागि चार वटा प्राथमिकता क्षेत्रहरू तोकी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको छ। यसै सन्दर्भमा नेपालले पनि सेन्डाइ कार्यढाँचाको पक्ष राष्ट्र भएकोले अन्तर्राष्ट्रिय प्रतिबद्धता, विगतका विपद्हरूको अनुभवहरू एवं नेपालको संविधान वमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० कार्यान्वयनमा ल्याएको छ।

पन्धौं योजना (२०७६/७७-२०८०/८१) ले विपद् व्यवस्थापनलाई प्राथमिकता दिदैं आपत्कालीन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने तथा विपद्

जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने नीति लिएको छ । साथसाथै विपद् पश्चात्को क्षति न्युनीकरण तथा पुनर्लाभको लागि स्थानीय तहको क्षमता विकास गरी स्थानीय तह सम्म उद्धार एवम् राहत सामग्रीको रणनीतिक मौज्दात (Strategic Storage) कायम गरी भण्डारण तथा वितरण प्रभावकारी बनाउने नीति पनि लिएको छ । त्यस्तै विपद् जोखिम न्यूनीकरण गरी मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्न विपद् बजेट कोड र विपद व्यवस्थापनको वित्तीय रणनीति तयार गर्ने तथा प्राकृतिक स्रोतको आयबाट प्राप्त रकमलाई प्रयोग गरी विपद् क्षति न्यनीकरणको लागि विपद् जोखिम न्यूनीकरण कोष' स्थापना र सञ्चालन गर्ने नीति लिएको छ ।

यसका अलावा हाल कार्यान्वयनमा रहेको वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७, राष्ट्रिय वातावरण नीति २०७६, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय वन ऐन २०७६, राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय शहरी विकास रणनीति, २०७३, कृषि विकास रणनीति(२०७२-२०९२), जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२, राष्ट्रिय पुनर्निमार्ण तथा पुनर्स्थापना नीति, २०७२, राष्ट्रिय स्वास्थ्य नीति, २०७१, विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१, नेपाल सडक सुरक्षा कार्ययोजना (२०७०-२०७७), राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७०, विपद् पश्चात्को शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८, जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७, बारूणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७, प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४, प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष सञ्चालन नियमाबली, २०६३ विपद् व्यवस्थापन तथा उत्थानशिलता सम्बन्धी मुख्य कानूनी व्यवस्थाका रूपमा रहेका छन् । यस्तै लुम्बिनी प्रदेशको वातावरण संरक्षण ऐन २०७७, लुम्बिनी प्रदेशको विपद् व्यवस्थापन कार्यसञ्चालन निर्देशिका, २०७६, लुम्बिनी प्रदेशको विपद् व्यवस्थापन कोष कार्यसञ्चालन निर्देशिका, २०७५, मनसुन पुर्वतयारी कार्ययोजना दाङ्ग, २०७७, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, दाङ्ग २०७७ विपद् व्यवस्थापन तथा उत्थानशिलता सम्बन्धी प्रदेश तथा दाङ्ग जिल्लाका महत्वपुर्ण दस्तावेजहरु हुन् ।

सन् २०१५ सेप्टेम्बरमा संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरूले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू पारित गरेका छन् । नेपाल सरकारले देशको समावेशी दीर्घकालीन विकासका लागि उक्त लक्ष्यहरूलाई आत्मासात गरेको छ र सेन्डाई कार्यढाँचा २०१५-२०३०मा प्रदेश र स्थानीय तहहरूमा गरी सन् २०२० सम्ममा कम्तीमा १०० विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने

प्रतिबद्धता जनाएको थियो । त्यसैअनुसार तयार भएको राजपुर गाउँपालिकाको यस विपद् जोखिम न्यूनीकरण रणनीति कार्ययोजनाले दिगो विकास लक्ष्यहरू २, ३, ५, ६, ९, ११, १३ १५ र १७ हासिल गर्न प्रत्यक्ष सहयोग पुऱ्याउने छन् ।

## २.५ रणनीतिक कार्ययोजना निर्माण प्रक्रिया

राजपुर गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना निर्माण गर्नका लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३०, राजपुर गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण नीति २०७७, दिगो विकास लक्ष्य र सेन्डाइ कार्यढाँचाले स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरणका लागि तयार गरेको आधारलाई पछ्याएको छ । यस रणनीतिक कार्ययोजना तर्जुमा गर्नका लागि राजपुर गाउँपालिकामा रहेका सरोकारवाला निकायलाई कार्यगत क्षेत्रका आधारमा विभाजन गरिएको छ ।

१) उत्पादन मूलक क्षेत्र (कृषि, खाद्य सुरक्षा तथा जीविकोपार्जन, उद्योग): कृषक समूह, कृषि सहकारी संस्था, गाउँपालिकाको कृषि तथा पशुपंक्षी शाखा

२) सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, समाज कल्याण): विद्यालय, खानेपानी तथा सरसफाई उपभोक्ता समूह, क्लव, महिला समूह, गैर सरकारी संस्था, गाउँपालिकाको सामाजिक विकास शाखा, शिक्षा शाखा

३) पूर्वाधार क्षेत्र (योजना शाखा, वडा तथा गाउँपालिकाका पदाधिकारी),

४) प्राकृतिक स्रोत तथा वातावरणक्षेत्र,

५) आपतकालीन संचार, पूर्वतयारी, प्रतिकार्य: स्थानीय प्रहरी, स्थानीय विपद् जोखिम व्यवस्थापन समिति

**Comment [KB2]:** Is this really formed? who were the members for this?

सेन्डाइ कार्यढाँचाले सिफारिस गरे बमोजिम सबै क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहने गरी गाउँपालिका र वडास्तरमा परामर्श कार्यशाला गोष्ठीहरूको पनि आयोजना गरीएको थियो, जसमा बहू-सरोकारवाला निकायका प्रतिनिधिहरूले आ-आफ्ना क्षेत्रमा भएका असल अभ्यास, सिकाई सवाल र चुनौतीहरूका आधारमा मूलभूत समस्या र समाधानका क्षेत्र पहिचान गरी "स्थानिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्ययोजना" मा समावेश गर्न सिफारिश गरिएका क्रियाकलापलाई समावेस गरिएको छ ।सरोकारवालाहरूसँगको परामर्श, कार्यशाला गोष्ठीहरू तथा क्षेत्रगत कार्यसमूहहरूको सुझाव र

सिफारिसहरूलाई समेटी तयार गरीएको मस्यौदालाई विभिन्न चरणमा स्थानियस्तरमा व्यापक छलफल गरी सबैको राय, परामर्श, सल्लाह र सुझावका आधारमा यस रणनीतिक कार्ययोजनालाई अन्तिम रूप दिइएको छ ।

# अध्याय ३: विपद् जोखिम न्युनीकरणका लागि रणनीतिक कार्ययोजना

Formatted: Highlight

# अध्याय ३: विपद् जोखिम न्युनीकरणका लागि रणनीतिक कार्ययोजना

## ३.१ परिचय

उत्थानशील समुदाय निर्माण गर्दै दिगो विकासका लक्ष्यहरू हासिल गर्न सहयोग पुऱ्याउने सन्दर्भमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि नेपाल सरकारले प्रतिबद्धता सहितको राष्ट्रिय दस्तावेज विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना गरेसँगै राजपुर गाउँपालिकाले पनि स्थानिय सरकारको प्रतिबद्धता सहितको स्थानिय दस्तावेजकारुपमा स्थानिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना बनाएको छ । यस कार्ययोजनाले गाउँपालिकामा विपद् व्यवस्थापनमा "जोखिम न्यूनीकरण" केन्द्रित बृहत्तर अवधारणालाई जोड दिएको छ । यो कार्ययोजना तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरणका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, दाङ्ग २०७७, मनसुन पुर्वतयारी कार्ययोजना-२०७७ दाङ्ग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३०, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, सेन्डाइ कार्यढाँचा २०१५-२०३०, लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप विपद् व्यवस्थापनमा जोखिम न्यूनीकरणको वृहत अवधारणालाई समेटिएको छ । यस कार्ययोजनामा चारवटा मूल प्राथमिकताप्राप्त क्षेत्र, त्यसका सहायक क्षेत्रहरू र रणनीतिक क्रियाकलापहरू समेत स्पष्ट रूपमा परिभाषित गरी विभिन्न निकायहरुको जिम्मेवारी निर्धारण गरीएको छ ।

## ३.२ मार्गदर्शक सिद्धान्त

**विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयन गर्दा देहाय बमोजिमका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरीनेछन् ।**

**Formatted:** Heading 2, Left, Indent: First line: 0.13", Right: 0", Space Before: 0 pt, Line spacing: single, No bullets or numbering, Tab stops: Not at 6.63"

- गाउँपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू पर्दछन् । गाउँपालिकाले आवश्यक परेमा सरोकारवाला संघ, संस्थाहरू तथा समुदाय, निजी क्षेत्र, स्थनीय स्तरमा कार्य गरिरहेका अन्तर्राष्ट्रिय संघ संस्था तथा विकास साझेदारहरूसँग सहकार्य गर्न सक्नेछ ।
- गाउँपालिकाले सरोकारवाला संघ, संस्थाहरू तथा समुदाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरूको पूर्ण सहभागिता, सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूको जिम्मेवारी र भूमिकाको स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रिय संलग्नता, साझेदारी तथा परिपूरकताको सुनिश्चितता गरी विपद्

जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य गरिनेछ ।

- विपद् जोखिम व्यवस्थापन गर्दा व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, सांस्कृतिक तथा वातावरणीय सम्पदाको रक्षा गर्दै मानव अधिकार तथा विकासको अधिकारलाई संरक्षण तथा प्रबर्धन गरीनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समाजका सबै पक्ष तथा क्षेत्रसँगको सहभागिता तथा साझेदारीमा गरीनेछ । यसका लागि विपद्बाट अति प्रभावित समुदायको सशक्तीकरण गरीनेछ । मुख्यतया अति गरीब समुदायको समावेशी, पहुँचयुक्त तथा विभेदरहित सहभागिता सुनिश्चित गरीनेछ । लिङ्ग, उमेर, अपाङ्गता तथा सांस्कृतिक र भौगोलिक विविधतालाई नीति निर्माण तथा कार्यान्वयनमा पर्याप्त ध्यान दिइनेछ । महिला तथा युवा नेतृत्वलाई प्रबर्द्धन गरीनेछ ।
- समुदायलाई श्रोत, साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सशक्तिकरण गरीनेछ ।
- विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा लिङ्ग, उमेर र अपाङ्गताको आधारमा छुट्टाछुट्टै अद्यावधिक, बृहत्तर, परम्परागत ज्ञानलाई औपचारिक र सम्मानपूर्ण मान्यता दिई विज्ञानमा आधारित तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदान र प्रचार प्रसारको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरीनेछ ।
- दिगो विकास लक्ष्य, खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकूलन, वातावरण व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण बीच सामञ्जस्यता कायम गरीनेछ ।
- विपद् जोखिमका स्थानीय तथा विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरीनेछन् ।
- विपद् जोखिमका कारक तत्वहरूको निराकरणको लागि सार्वजनिक तथा निजी लगानी बृद्धि गरी दिगो विकासमा समेत योगदान पुऱ्याइनेछ ।
- विपद् पश्चात पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माणमा भविष्यमा विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन र विपद् जोखिम न्यूनीकरण गर्न "अझ राम्रो, बलियो र सुरक्षित बनाऔं" भन्ने राट्रिय अवधारणा अवलम्वन गरीनेछ ।
- विपद् जोखिमको बारेमा सार्वजनिक शिक्षा र सचेतना अभिबृद्धि गरीनेछ ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा विज्ञान तथा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै स्थानीय श्रोत, साधन, ज्ञान, सीप तथा श्रमलाई अत्यधिक उपयोग गरीनेछ ।

## ३.३ दीर्घकालीन सोंच, अपेक्षित परिणाम, उद्धेश्य र लक्ष्य

**दीर्घकालीन सोंच**

राजपुर गाउँपालिकालाई विपद् जोखिमबाट सुरक्षित, अनुकूलित तथा उत्थानशील गाउँपालिकाको रूपमा स्थापित गर्दै दिगो विकासमा योगदान पुऱ्याउने यस रणनीतिक कार्ययोजनाको दीर्घकालीन सोंच रहेको छ ।

**अपेक्षित परिणाम**

विपदबाट हुने मृत्यु दर तथा प्रभावित व्यक्तिहरूको संख्यामा उल्लेख्य रूपले कमी ल्याउनु, जीविकोपार्जन, स्वास्थ्य, सम्पत्ति, व्यवसाय र समुदायमा हुने जोखिम तथा क्षतिको न्यूनीकरण गर्नु यस रणनीतिक कार्ययोजनाको अपेक्षित परिणाम रहने छ ।

**उद्देश्य**

प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापहरूको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिबृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ ।

**लक्ष्य**

राजपुरका विभिन्न सामुदायिक विपद् तथा जलवायु उत्थानशिल समितिले तयार गरेका जलवायु समावेंशी संकटासन्नता र क्षमताको विश्लेषण २०७४को प्रतिवेदन तथा फिल्ड सर्भेक्षणको पछिल्लो ४४ वर्ष (२०३२ देखि २०७६) को तथ्याङ्क विश्लेषण गर्दा राजपुर गाउँपालिकामा ३५२ घरधुरी र १०७ गोठहरुमा आगलागी भएका थिए जसमा ६ व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको देखिन्छ । १४९ पशु चौपाया, ८८ कुखुरा ७२ क्वीन्टल अन्नपात र रु १०,१७,७३,०१६ बरावरको नगद तथा भौतिक सम्पतिको पनि नाश भएको तथ्यांक

रहेको छ । ५८ वर्ष (२०१८ देखि २०७६) को तथ्याङ्क विश्लेषण गर्दा राजपुर गाउँपालिकामा २०७६ सम्म करिव १३१ घरधुरी र १४ गोठ, ३४६ बिघा जमिनहरु बाढीले बगाएको छ जसमा १० व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको र ५ घाईते भएको देखिन्छ । ११८ पशुचौपाया, १५ कुखुरा र ४४ घरधुरी बिस्तापित भएको पाईन्छ । त्यस्तै पछिल्लो ४४ वर्ष (२०३२ देखि २०७६)मा जंगलीजनावरको आक्रमणबाट ६ व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको र १० घाईते भएको देखिन्छ ।

Comment [KB3]: Data source?

यसै गरी २०३५ देखि २०७६ करिव ३२ जना सर्पदंशको शिकार भएको देखिन्छ जसमा २१ व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको देखिन्छ । त्यस्तै पछिल्लो ७ वर्ष (२०६९ देखि २०७६)मा हावाहुरीले ५० घरधुरी र २ विद्यालयहरुको छाना उडाएको छ । २०७२ को भूकम्पको कारणले १२८ घरधुरी, २ विद्यालय, १ सामुदायिक भवनमा आंशिक क्षति भएको देखिन्छ । चट्याङबाट २ घरधुरीमा आंशिक क्षति भएको र १० पशुचौपाया नाश भएको देखिन्छ । वि.स. २०३६ देखि २०७६सम्ममा माहामारीले १२६ व्यक्तिहरू बिरामी परेकामा ४३ जनाले आफ्नो ज्यान गुमाएको देखिन्छ । वि.स. २०६० देखि २०७६सम्ममा डुंगा दुर्घटनामा १७ व्यक्तिहरूले आफ्नो ज्यान गुमाएको पाईन्छ ।

Comment [KB4]: Data source?

विपद्‌बाट आर्थिक रूपमा बढीप्रभावित र नोक्सानी हुने क्षेत्रहरूमा उत्पादनमूलक क्षेत्र (कृषि तथा पशुपालन), निजी सम्पती, सार्वजनिक क्षेत्रहरू मुख्य रहेका छन् । दीगो विकास लक्ष्यहरू (Sustainable Development Goals, SDGs), सेण्डाइ कार्यढाँचा (Sendai Framework) तथा समुदाय र वडास्तरमा गरिएको छलफल समेतलाई आधार लिई राजपुर गाउँपालिकाको यस रणनीतिक कार्ययोजनाले विपद् क्षति न्यून गर्न निम्न लक्ष्यहरू लिएको छ ।

**तालिका १: विपद् क्षति न्यून गर्न सन् २०३० सम्मका लागि राजपुर गाउँपालिकाले लिएको लक्ष्य**

| सि. नं. | सूचक | आधार रेखा (२०१९ सम्मको औषत) | अल्पकालीन (२०२२ सम्म) | मध्यकालीन (२०२५ सम्म) | दीर्घकालीन (२०३० सम्म) |
|---|---|---|---|---|---|
| १ | **स्थानिय स्तरमा विपद्‌बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने (सामुहिक छलफलमा आधारित)** | | | | |
| १.१ | विपद्‌बाट मृत्यु हुनेको वार्षिक औसत संख्या | १० | ६ | ४ | ३ |
| १.२ | बाढीबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | २ | ० | ० | ० |
| १.३ | सर्पदंसबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | ३ | २ | १ | ० |
| १.४ | पशु महामारी गरेको क्षती | १० | ६ | ४ | २ |
| २ | **स्थानिय स्तरमा विपद्‌बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने(सामुहिक छलफलमा आधारित)** | | | | |
| २.१ | विपद्‌बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | ५० | ४० | ३० | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १० | ८ | ७ | ५ |
| २.३ | सडक /डुगां दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | ३ | ३ | ० | ० |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | २५ | २० | १५ | १० |
| **३** | **महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्यरूपले कम गर्न उत्थानशीलता विकास गर्ने** | | | | |
| ३.१ | स्वास्थ्य भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १ | १ | सबै |
| ३.२ | कक्षा कोठाहरूको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास | | १२ | २० | ४० |
| ३.३ | विद्यालय भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ५ | ७ | १० |
| ३.४ | विपद् जोखिम न्यूनीकरणका लागि विद्यमान विद्यालयहरूबाट नमूना विद्यालयहरूको विकास | | १ | २ | ३ |
| ३.५ | सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | ३ | ५ | ११ |
| ३.६ | सांस्कृतिक सम्पदास्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास | | १ | २ | ३ |
| ३.७ | खानेपानीका संरचनाहरूको मर्मत सम्भार गरी उत्थानशीलता विकास | | ४ | ८ | १५ |
| ३.८ | बायो ईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण (कि.मी.) | | ३ | ७ | ११ |
| ३.९ | उप जलाधारहरूको संरक्षण (संख्या) | | ३ | ४ | ६ |
| ३.१० | ताल, सिमसार तथा पोखरीहरूको निर्माण र संरक्षण (संख्या) | | ३ | ५ | ६ |
| ३.११ | जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने (प्रतिशत) | | ३० | ४० | ६० |
| **४** | **समुदायमा विपद् जोखिम न्यूनीकरण संयन्त्र विकास गर्ने** | | | | |
| ४.१ | समुदायहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत) | | २० | ५० | १०० |
| **५** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | | | |
| ५.१ | बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको क्षेत्रफलको प्रतिशत | | ८० | ९० | १०० |
| ५.२ | विपद् प्रभावित क्षेत्रको पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | ८० | ९० | १०० |

**Formatted:** Indent: Left: 0"

| | | | | | |
|---|---|---|---|---|---|
| ५.३ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सार्न सकिने जनसंख्याको प्रतिशत | ...................... | ४० | ५५ | ७५ |
| **६** | **राजपुर गाउँपालिकाको कुल क्षेत्रफलको भुक्षयको जोखिम** | **आधार रेखा(दाङ जिल्ला पार्श्वचित्र २०७३)** | **अल्पकालीन ( २०२० सम्म)** | **मध्यकालीन ( २०२५ सम्म)** | **दीर्घकालीन ( २०३० सम्म)** |
| ६.१ | भुक्षयको जोखिमका धेरै जोखिममा रहेको क्षेत्र | ४०९६ हे | ३६८६.४ हे | ३०७२ हे | २०४८ हेक्टर |
| ६.२ | भुक्षयको जोखिमको मध्यम जोखिममा रहेको क्षेत्र | ४११६१ हे | ३७०४४.९ हे | ३०८७०.८ हे | २०५८०.५ हे |
| ६.३ | भूक्षयको ज्यादै धेरै जोखिमको जोखिममा रहेको क्षेत्र | १५५७ हे | १४०१.३ हे | ११६७.७५ हे | ७७८.५ हे |
| **७** | **विविध** | **आधार रेखा (केन्द्रीय तथ्याङ्क विभाग २०६८)** | **अल्पकालीन ( २०२० सम्म)** | **मध्यकालीन ( २०२५ सम्म)** | **दीर्घकालीन ( २०३० सम्म)** |
| ७.१ | घरको छाना खर/पराल /छ्वाली भएको घरधुरी (प्रतिशत) | ९०.४८ | ८० | ६० | ४० |
| ७.२ | दैनिक बत्ती बाल्न विद्युत प्रयोग गर्ने घरधुरी (प्रतिशत) | ४१.२९ | ५० | ७० | १०० |

## ३.४ प्राथमिकताप्राप्त क्षेत्रहरू

यस रणनीतिक कार्ययोजनाले विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुऱ्याउन समष्टिगत अवधारणा (Holistic Approach)लाई आत्मसात गरेको छ । विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा र विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०२०-२०३० लाई मूल मार्गदर्शनको रुपमा लिई यस कार्ययोजनाले चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरेको छ । हरेक प्राथमिकता प्राप्त कार्य अन्तर्गत अल्पकालीन (सन् २०२०-२०२२), मध्यकालीन (सन् २०२०- २०२५), दीर्घकालीन (सन् २०२०-२०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने कियाकलापहरुका लागि निरन्तर अवधि तोकी निम्न बमोजिमका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

**प्राथमिकताप्राप्त क्षेत्र १: विपद् जोखिम बारे बुझाई**

प्राथमिकताप्राप्त कार्य १ : प्रकोप बमोजिम जोखिम आँकलन

प्राथमिकताप्राप्त कार्य २ : बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

प्राथमिकताप्राप्त कार्य ३ : प्रभावकारी विपद् व्यवस्थापन सुचना प्रणालीको विकास तथा सुचना प्रवाह

प्राथमिकताप्राप्त कार्य ४ : विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र २: गाउँपालिकामा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण**

प्राथमिकताप्राप्त कार्य ५ : संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य ६ : कानुनी तथा नियामक संरचना निमार्ण

प्राथमिकताप्राप्त कार्य ७ : प्रभावकारी विपद् व्यवस्थापन सुचना प्रणालीको विकास तथा सुचना प्रवाह

प्राथमिकताप्राप्त कार्य ८ : विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र ३: विपद् जोखिम न्युनीकरणका लागि उत्थानशीलता बृद्धि गर्न बृहतर जोखिम जानकारीमा आधारित निजि तथा सार्वजनिक लगानी प्रर्बधन**

प्राथमिकताप्राप्त कार्य ९ : उत्थानशीलता बृद्धिका लगानी प्रर्बधन

प्राथमिकताप्राप्त कार्य १० : विपद् जोखिम न्युनीकरणमा सार्वजनिक लगानी बृद्धि

प्राथमिकताप्राप्त कार्य ११ : विपद् जोखिम न्युनीकरणमा निजि लगानी बृद्धि

प्राथमिकताप्राप्त कार्य १२ : जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत् विपद् उत्थानशीलता अभिबृद्धि

**प्राथमिकताप्राप्त क्षेत्र ४: प्रभावकारी विपद् प्रतिकार्य र पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण " का लागि विपद् पुर्वतयारीको सुदृढीकरण**

प्राथमिकताप्राप्त कार्य १३ : प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पुर्वतयारीको सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १४ : विपद् पुर्वतयारीको लागि बहु-प्रकोप पुर्वसुचना प्रणालीको विकास

प्राथमिकताप्राप्त कार्य १५ : समुदायमा आभारित विपद् जोखिम न्युनीकरण प्रवर्धन

प्राथमिकताप्राप्त कार्य १६ : विपद् पुर्वतयारीको लागि संचार तथा प्रसार प्रणाली सुदृढीकरण

प्राथमिकताप्राप्त कार्य १७ : खोज तथा उद्धारको क्षमता अभिबृद्धि

प्राथमिकताप्राप्त कार्य १८ : पुनर्लाभ, पुनः स्थापना तथा पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण " अवधारणा प्रवर्धन

विपद् जोखिमको सही पहिचान गर्नु जोखिम न्यूनीकरण तर्फको पहिलो प्रस्थान विन्दु हो । यसले विपद् जोखिम न्यूनीकरण सम्वन्धी निर्णय प्रक्रियालाई सही ढंगबाट निर्देशित गर्छ । साथै प्रतिकार्यको लागि प्रभावकारी पूर्व तयारीलाई समेत सही दिशानिर्देश गर्दछ । चित्र १ मा राजपुर गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू एवं विपद् जोखिम बारेको बृहत्तर बुझाईले अन्य प्राथमिकता

प्राप्त क्षेत्रहरूको लागि मार्गदर्शन गर्ने कुरा प्रस्तुत गरिएको छ । विपद् जोखिमको बुझाईको लागि प्रभाव मोडलिङ (Impact Modeling) र जोखिम आँकलन (Risk Assessment) गर्न सकिन्छ । प्रभाव मोडलिङ कुनै प्रकोपबाट व्यक्ति, संरचना, जिवीकोपार्जन आदिमा पार्न सक्ने प्रभावको अनुमान हो भने जोखिम आँकलन सम्पूर्ण सम्भावित घटनाहरूको समग्र प्रभाव हो । जोखिम आँकलनले एकल वा बहु प्रकोपबाट हुने वार्षिक औसत क्षति र सम्भावित अधिकतम क्षति निर्धारण गर्न सहयोग गर्छ । प्रभाव मोडेलको नतिजाका आधारमा निर्णयकर्ताहरूले घटना हुनु पूर्व नै उचित निर्णय लिन सक्नेछन् । प्रभाव मोडेलहरू वित्तीय योजना तथा सुरक्षा, विपद् जोखिम न्यूनीकरण लगानीमा प्राथमिकता निर्धारण र विभिन्न जोखिम न्यूनीकरण विकल्पको लाभ लागत विश्लेषणका लागि धेरै उपयोगी हुन सक्छन् । यी पूर्व तयारी गर्न, जोखिम न्यूनीकरण लगानीमा केन्द्रित हुन र नयाँ जोखिम सिर्जना हुनबाट रोक्नका लागि आवश्यक नीति तर्जुमा तथा कार्यान्वयनका लागि महत्वपूर्ण आधार हुन सक्छन् ।




**चित्र १: राजपुर गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणका लागि प्राथमिकता प्राप्त क्षेत्रहरू**

# अध्याय ४: प्राथमिकता प्राप्त क्षेत्र १ (विपद् जोखिम बारे बुझाई)

# अध्याय ४: प्राथमिकता प्राप्त क्षेत्र १ (विपद् जोखिम बारे बुझाई)

राजपुर गाउँपालिकाका बासिन्दाहरुमा विगत देखि सामाना गरिरहेका प्रकोप र ती प्रकोपले निम्त्याएका वा निम्त्याउन सक्ने जोखिमका बारेमा जानकारी हुन जरुरी हुन्छ । विगतमा भएका प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपको अभिलेख नराखिएको हुँदा त्यस्ता प्रकोप तथा जोखिमको बारेमा स्थानीय स्तरमा कम मात्र जानकारी रहेको छ। त्यसैले जोखिम आँकलन तथा जानकारी अभिलेख गर्न विभिन्न प्रयोग मार्फत प्रकोप, सम्मुखता र संकटासन्नतालाई समेट्नु पर्ने हुन्छ । यसका लागि समुदायमा आधारित सम्मुखता क्षमता विष्लेषण प्रभावकारी हुन सक्दछ।

राजपुर गाउँपालिकाको भौगोलिक स्वरुप सबै समुदायमा एकैनासको छैन । राप्ती किनार नजिकै रहेका स्थान, चुरेको फेदी तथा खहरे नजिकका समुदाय साथै बजार विस्तार भएका क्षेत्र तथा खोला खहरेबाट पर रहेका समुदायमा कुनै एक वा बहुप्रकोपको औशत तथा सम्भावित अधिकतम क्षति फरक हुन सक्छन् । त्यस्तै न्यून आय भएका परिवारको वाहुल्य भएको समुदायमा प्रकोपले पार्ने असरको सिमा झनै फराकिलो हुने गरेको छ। यसका लागि गाउँपालिकाको समुदायस्तरमा प्रभाव मुल्यांकन तथा जोखिमहरुको आँकलन गर्नुपर्ने हुन्छ । विपद् जोखिम न्यूनीकरणका लागि गाँउपालिका तथा अन्य सरोकारवाला निकायले समुदायमा गर्न लगानीलाई प्रभावकारी बनाउनका लागि प्रकोपले अल्पकालिन वा दिर्घकालिन रुपमा पार्न सक्ने प्रभावहरुलाई सरोकारवालाहरुले बुझ्नुपर्ने हुन्छ।

राजपुर गाउँपालिकामा प्रकोपको प्रकृतिअनुरूप हरेक प्रकोपको जोखिम सम्बन्धी जानकारीलाई सङ्कटउन्मुखता तथा क्षमता सम्बन्धी ज्ञान एवं सामाजिक, आर्थिक तथा जनसाङ्ख्यिक विवरणलाई समेटर जोखिम आँकलन तथा नक्शाङ्कन गर्नु आवश्यक छ । लिङ्ग, उमेर, अपाङ्गता र विविधताका अन्य सूचकाङ्कहरूको आधारमा छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क संकलन गर्नु पर्दछ । प्रकोप, सङ्कटउन्मुखता तथा क्षमताका सम्बन्धमा स्थानीयस्तरमा विस्तृत तथ्याङ्क प्रणालीको विकास गर्न अझै बाँकी छ। यस्तै जोखिमको बारेमा एकीकृत सूचना प्रसारण गर्ने पद्धति र सञ्चार माध्यम एवं आधुनिक सञ्चार प्रविधिहरूको विवेकपूर्ण प्रयोग गर्ने क्षमता पूर्ण विकास भएको छैन । विपद् जोखिमको पहिचान र मापन

कार्यलाई संस्थागत रूपमा सुदृढीकरण गर्न बाँकी छ । यी विषयहरूलाई सम्बोधन गरी विपद् जोखिमको बारेमा बुझाई अभिबृद्धि गर्न देहाय बमोजिमका प्राथमिकता प्राप्त कार्यहरू अन्तर्गत अल्पकालिन (सन् २०२०- २०२२), मध्यकालिन (सन् २०२०-२०२५), दीर्घकालिन (सन् २०२०-२०३०) र निरन्तर रुपमा गरिरहनुपर्ने क्रियाकलापहरुका लागि निरन्तर अवधि तोकी रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

क) प्रकोप बमोजिम जोखिमको आँकलन

ख) बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय

ग) प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह

घ) विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

## ४.१ प्रकोपबमोजिम जोखिमको आाकलन

राजपुर गाउँपालिकामा प्रकोपको प्रकृति अनुरूप हरेक प्रकोपको सम्मुखता, संकटउन्मुखता र जोखिमको आँकलन तथा नक्शाङ्कन गर्नु र सार्वजनिक रूपमा उपलब्ध गराउनु आवश्यक छ । जोखिम संवेदनशील भू-उपयोग योजना (Risk Sensitive Land Use Planning) तयार गरी भू-उपयोग क्षेत्र विभाजन गर्नु समेत आवश्यक छ । प्रकोप बमोजिम जोखिमको आँकलनका लागि देहायका रणनीतिक क्रियाकलापहरू निर्धारण गरिएका छन् ।

### ४.१.१ बाढी/डुवान जोखिम

नेपाल बाढीको पुर्वानुमान प्रणाली विकास (Early Warning System EWS)को सन्दर्भमा प्रारम्भिक चरणमा छ । आजसम्म पनि नदी जलाधार सम्बन्धी निर्धारणात्मक हाइड्रोलोजिकल मोडेल संचालित भएका छैनन् । त्यसैले दाङ जिल्लाको राजपुर भएर बग्ने राप्ती नदीमा संचालित पूर्व सूचना प्रणाली पूर्ण रुपले नदी र वर्षाको तात्कालिक अनुगमनमा आधारित छन् । चित्र २ मा समुदायमा आघारित पुर्व चेतावनी प्रणाली (Community based Early Warning System CBEWS)का मुख्य अवयवहरु देखाईएको छ ।



**चित्र २ समुदायमा आघारित पुर्व चेतावनी प्रणालीका मुख्य अवयवहरु**

राजपुर गाउँपालिका वर्षाले गर्दा अचानक आउने बाढीको कारण प्रायजसो धेरै प्रभावित हुने गर्दछ, त्यसैले गाउँपालिकाको बाढी पुर्वानुमान मुख्यतया वर्षाको थ्रेसहोल्डमा आधारित छ ।

समुदायस्तरको छलफलका क्रममा राजपुर गाउँपालिका भएर बग्ने राप्ती नदी बाहेकका दक्षिणी भागको भिरालो पहाडी क्षेत्रदेखि उत्पन्न भएका खंग्रा, गुरुङ्ग, पाटुली, ताउले, रसरी, मारुनी, फोरी, करङ्गा, महन्ती, खंग्री, हरैया, रीउ, दङ्गमारा, सोन प्रथी, गोथुवा, भंसाही, भैंसेही खोलाहरुमा विपद् प्रतिकार्यका लागि ज्यादै कम समय (२-३) घण्टा भन्दा पनि कम उपलब्ध हुने जानकारी प्राप्त भयो । अत् विद्यमान पूर्व सूचना प्रणालीमा वर्षा पूर्वानुमान सम्मिलित गर्ने तर्फ ध्यान केन्द्रित गर्नु पर्ने आवश्यकता रहेको छ । राजपुर गाउँपालिकामा बाढी /डुवानमा आधारित प्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त छैनन् । यस सन्दर्भमा बाढी /डुवान जोखिमको आँकलन तथा नक्शाङ्कनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २: बाढी /डुवान जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| राप्ती नदी जलाधारमा तात्कालिक जल सतह र बर्षा अवलोकन प्रणाली (Real-Time Water Level and Rainfall Observation System) को विस्तार र आधुनिकीकरण गर्ने । | राप्तीनदीको जल सतह तथा जलाधार क्षेत्रको वर्षा सम्बन्धी तात्कालिक तथ्याङ्क उपलब्ध भएको हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, जल तथा मौसम विज्ञान विभाग (DHM), जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र(DOEC), दाङ, जिल्ला दैवी प्रकोप उद्दार समिति(DDRC), दाङ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू तथा अन्य |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरोकारवालाहरू |
| राप्ती नदी लागि बाढीको प्रकोप र जोखिमको तथा डुबानको प्रकोप र जोखिमका आँकलन, नक्शाङ्कन र दुवैको प्रकोप तथा जोखिम क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | राप्ती नदीको बाढीको प्रकोप र जोखिमको नक्शा तथा डुबानको प्रकोप र जोखिमको नक्शा उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग (DWIDM), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (NGO/INGOs), विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा बाढी जोखिमयुक्त पूर्वाधारहरू तथा आश्रयस्थलहरूका लागि भू-सन्दर्भित (Geo- referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा तथ्याङ्क उपलब्ध गराउने । | बाढी सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग (DWIDM), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| जोखिमयुक्त पूर्वाधारहरू, आश्रयस्थलहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि बाढी तथा डुबानको प्रकोप र जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा तथ्याङ्क उपलब्ध गराउने । | बाढी तथा डुबानको जोखिम स्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुलाश्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |

### ४.१.२ सर्पदंस तथा अन्य वन्यजन्तुको जोखिम

राजपुर गाउँपालिकालाई रतुवा, चितुवा, वनबिरालो, स्याल, हुँडार, ठुलो नीरबिरालो, सानो नीरबिरालो, गाजले नीरबिरालो, ताडी नीरबिरालो, बँदेल, तराई लंगुर लगायतका जनावरहरु र गोमन, करेतजस्ता विषालु सर्पहरुको प्रमुख बासस्थानका रुपमा चिनिन्छ । वन्यजन्तुका बासस्थान सम्मुख रहेका स्थानिय बासिन्दाहरुको मानव वन्यजन्तु द्वन्द्वको जोखिम सधैं रहिरहन्छ । मानव वन्यजन्तु द्वन्द्व र सह-अस्तित्वका सवालमा वन्यजन्तु, सरिसृपहरुको अध्ययन अध्ययन, अनुसन्धान, जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त भएको छैन् । यस सन्दर्भमा सर्पदंस तथा अन्य वन्यजन्तुको जोखिमको आँकलन तथा मानव

वन्यजन्तु द्वन्द्व न्युनीकरण र सहअस्तित्वका लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ३: सर्पदग्सं तथा अन्य वन्यजन्तुको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| वन्यजन्तु, सरिसृपहरुको अध्ययन, अनुसन्धान गर्ने । | गाउँपालिकामा पाईने वन्यजन्तु सरिसृपहरुको विवरण सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | डिभिजन वन कार्यालय, संरक्षणकर्मीहरु |
| सर्पदग्सं तथा अन्य वन्यजन्तुका जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | सर्पदग्सं तथा अन्य वन्यजन्तुका जोखिमको जानकारी खुलाश्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | डिभिजन वन कार्यालय, जिल्ला वन कार्यालय, संरक्षणकर्मीहरु |
| समुदायमा सर्पदग्सं तथा अन्य वन्यजन्तुका जोखिमका सम्बन्धमा अध्ययन, अनुसन्धान र अनुगमन गर्न नागरिक वैज्ञानिक (Citizen Scientist) को अवधारणा विकास गर्ने । | नागरिक वैज्ञानिक (Citizen Scientist) को अवधारणा विकास भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | डिभिजन वन कार्यालय, जिल्ला वन कार्यालय, संरक्षणकर्मीहरु |
| सर्पदग्सं उपचार केन्द्रको सेवा गाउँपालिकामा स्थापना गर्ने । | सर्पदग्सं उपचार केन्द्रको सेवा गाउँपालिकामा स्थापना भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |

## ४.१.३ भूकम्पीय जोखिम

राजपुर गाउँपालिकामा भूकम्पीय जोखिमको आँकलन तथा नक्शाङ्कनहरू र प्रकोपक्षेत्र निर्धारण पर्याप्त छैनन् । विद्यमान अवस्था र भविष्यमा हुन् सक्ने भूकम्पीय प्रकोप तथा जोखिमको आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने सबालमा समुदायस्तरमा भएको छलफलका सहायताले निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ४: भूकम्पीय जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| भूकम्पीय प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा | स्थानीय स्तरमा भूकम्पीय प्रकोप आँकलन तथा | अल्पकालिन | राजपुर गाउँपालिका | खानी तथा भूगर्भ विभाग प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी |

| | | | | |
|---|---|---|---|---|
| उपलब्ध गराउने । | नक्शाहरू उपलब्ध भएको हुनेछ । | | | संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| भूकम्पका समयमा जमिनमा हुने तरलीकरण (Soil Liquefaction) प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | भूकम्पका समयमा गाउँपालिकामा जमिनमा हुने तरलीकरण (Soil Liquefaction) प्रकोप आँकलन तथा नक्शाहरू उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | खानी तथा भूगर्भ विभाग (DMG), विश्वविद्यालयहरू, प्रदेश सरकार, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भूकम्प जोखिमयुक्त पूर्वाधारहरू तथा आश्रयस्थलहरूका लागि भू-सन्दर्भित (Georeferenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | भूकम्पीय सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| जोखिमयुक्त पूर्वाधारहरू, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू, आश्रयस्थलहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि भूकम्पीय जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने । | भूकम्पीय जोखिमस्तर (उच्च, मध्यम र न्यून) को जानकारी खुलाश्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| भूकम्प जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तर्जुमा गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने । | भूकम्पीय जोखिम संवेदनशील भू-उपयोग योजनाहरू उपलब्ध हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

### ४.१.४ स्वास्थ्य/महामारी जोखिम

हाले विश्वब्यापी माहामारीको रुपमा देखिएको कोभिड- १९ को संक्रमणको जोखिम भारतसँग सिमानाका जोडिएका कारण राजपुर गाउँपालिकामा धेरै छ । यस क्षेत्रमा वसोवास गर्ने मानिसहरुमा जनचेतनाको कमी, वर्षातको समयमा खानेपानीका श्रोतको प्रदुषणका कारण यस गाउँपालिकाका कुनै पनि स्थानमा

सरुवा रोगहरुले महामारीको रुपमा लिन सक्नेहुन्छ । यो अवस्थामा गाउँपालिकामा स्वास्थ्य/महामारी जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त छैन् र महामारी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण पनि भएको देखिँदैन । यस सन्दर्भमा महामारी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्नका लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ५: स्वास्थ्य/महामारी जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक कियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| कोभिड- १९, कोरोनाजस्ता महामारीका लागि क्वारिनटिन तथा होल्डीङ्ग सेन्टर सहित अत्यावश्यक उपचारको व्यवस्था गर्ने । | महामारीका लागि क्वारिनटिन तथा होल्डीङ्ग सेन्टरसहित अत्यावश्यक उपचारको व्यवस्था भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, स्थानिय स्वास्थ्य संस्थाहरु तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| कोभिड १९, कोरोनाजस्ता महामारीका बिरामीको सम्पर्क ट्रेसिङ्ग गरी उपचारको व्यवस्था गर्ने । | कोभिड १९, कोरोनाजस्ता महामारीका बिरामीको सम्पर्क ट्रेसिङ्ग गरी उपचार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, स्थानिय स्वास्थ्य संस्थाहरु तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| मानव महामारी साथै पुश तथा बालीको महामारी प्रकोपक्षेत्रका लागि महामारी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने । | मानव महामारी साथै पुश तथा बालीको महामारी प्रकोपक्षेत्रका लागि महामारी प्रकोप नक्शा उपलब्ध हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका, स्थानीय स्वास्थ्य सेवा प्रदायकहरु | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, स्थानिय स्वास्थ्य संस्थाहरु तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा महामारी जोखिमयुक्त क्षेत्रहरूमा Geo Spatial प्रविधि समेत प्रयोग गरी सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | महामारी सम्मुखता र संकटउन्मुखताको खण्डीकृत (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका, स्थानीय स्वास्थ्य सेवा प्रदायकहरु | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, स्थानिय स्वास्थ्य संस्थाहरु तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

## ४.१.५ आगलागी र वनडढेलोको जोखिम

राजपुर गाउँपालिकामा वनको भुभाग ७३.२५ प्रतिशत रहेको छ (राजपुर गाउँपालिकाको पार्श्वचित्र, २०७४) । यस गाउँपालिकामा बाहिरी गारोका आधारमा काठ फल्यकको प्रयोग भएको २३.८१ प्रतिशत र बाँसजन्य समाग्री प्रयोग भएको २६.५८ प्रतिशत घरधुरी छन् र ९०.४८ प्रतिशत घरधुरीका छाना छ्वाली, पराल र खरले छाईएका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) । यस्ता बस्तीहरु वनका बिचबिचमा रहेकाले सुख्खा समयमा यस गाउँपालिका आगलागी र वनडढेलोको उच्च जोखिममा रहेको हुन्छ । तर यस गाउँपालिकामा आगलागी र वनडढेलोको जोखिम जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त छैनन् । यस सन्दर्भमा आगलागी र वनडढेलोको आँकलन तथा नक्शाङ्कनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ६: आगलागी र वनडढेलोको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| मुख्य पूर्वाधार संरचना र सेवाहरूमा आगलागी र वनडढेलो विरूद्ध सचेतना निर्माणका लागि जानकारीमूलक सामग्री (Information Kit) को विकास गर्ने । | आगलागी र वनडढेलो सम्बन्धी जानकारी उपलब्ध भएको हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका, सामुदायिक वन समितीहरु | डिभिजन वन कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र तथा अन्य सरोकारवालाहरू |
| वन क्षेत्रको प्रकोपका आगलागी, बनडढेलो संबन्धी प्रकोप आँकलन, नक्शाङ्कन र क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | आगलागी प्रकोप क्षेत्रको आगलागी र बनडढेलो प्रकोप नक्शा उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका सामुदायिक वन समितीहरु | डिभिजन वन कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, तथा अन्य सरोकारवालाहरू |
| लिङ्ग, उमेर र अपाङ्गताका आधारमा आगलागी र वनडढेलो जोखिमयुक्त क्षेत्रहरूका लागि भू(सन्दर्भित सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | आगलागीर वनडढेलो सम्मुखता र संकटउन्मुखताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका सामुदायिक वन समितीहरु | जिल्ला वन कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र तथा अन्य निकायहरु |
| जोखिमयुक्त पूर्वाधारहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, | आगलागीर वन डढेलो जोखिम स्तर (उच्च, मध्यम र | अल्पकालिन | स्थानिय सरकार, सामुदायिक वन समितीहरु | जिल्ला वन कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, |

Formatted Table

| | | | | |
|---|---|---|---|---|
| सार्वजनिक, सरकारी तथा निजी भवनहरू, औद्योगिक संरचनाहरु तथा आश्रयस्थलहरूका लागि आगलागी र वन डढेलो जोखिम आँकलन तथा नक्शाङ्कन सम्पन्न गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | सामान्य) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध हुनेछ । | | | राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द, तथा अन्य निकायहरु |
| आगलागी र वन डढेलो जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तर्जूमा गरी कार्यान्वयन गर्ने । | आगलागी र वन डढेलो जोखिम संवेदनशील भू-उपयोग योजनाहरू कार्यान्वयन भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका र सामुदायिक वन समितीहरु | डिभिजन वन कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, तथा अन्य निकायहरु |

## ४.१.६ जलवायूजन्य जोखिम

### *४.१.६.१ खडेरी/सुख्खा*

राजपुर गाउँपालिकाको दक्षिणी चुरे क्षेत्रका भूभागहरु क्षेत्र कमजोर छन् र ढुङ्गा, बलौटे चट्टान, बालुवा, खस्रो बालुवा, सिल्ट र सेलले बनेको हुनाले भूस्खलनशील रहने यो क्षेत्रमा रहेका जरुवाहरु हिउँद तथा गर्मीका महिनाहरुमा सुक्छन्, जमिनमा पानीको सञ्चिति खासै हुँदैन् । अत् खडेरी/सुख्खाले सिंचाई, कृषि, पशुधन, वन, जीविकोपार्जन, खानेपानीमा पार्ने जोखिमको आँकलन तथा नक्शाङ्कन गरी भूउपयोग योजनाहरूको तर्जूमा लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ७: खडेरी/सुख्खोको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक कियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| गाउँपालिकामा सुख्खायाम र क्षेत्रको जोखिम आँकलन, सुख्खा क्षेत्र नक्शाङ्कन र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | सुख्खायाम र क्षेत्रको जोखिम नक्शा उपलब्ध हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू |
| जोखिमयुक्त पूर्वाधारहरू (सिंचाई, कृषि, पशुधन, वन, जीविकोपार्जन, खानेपानीका संरचना आदि)को सुख्खायाममा हुने जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध | सुख्खायाममा हुने सुख्खाको जोखिमस्तर (उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी (NRCS) |

| | | | | |
|---|---|---|---|---|
| गराउने । | | | | |
| सुख्खाको जोखिमस्तरलाई मध्यनजर गरी भूउपयोग योजनाहरूको तर्जूमा गरी कार्यान्वयन गर्ने । | सुख्खाको जोखिमस्तरलाई मध्यनजर भूउपयोग योजनाहरूका कार्यान्वयन भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी |

### *४.१.६.२ चट्याङ*

चैत्र देखि वर्षायाम रहन्जेलसम्म यस गाउँपालिका चट्याङ्गको लागि जोखिम युक्त मानिन्छ । वर्षेनी चट्याङ्गबाट मानिस लगायत चौपायाहरुको मृत्युका घटनाहरु हुने गरेका छन । विगत ५ वर्षमा मात्रै गाउँपालिकामा चट्याङ्गबाट २ घरमा क्षती हुनुको साथै १० पशुचौपायाले ज्यान गुमाएको छ । सुरक्षित रहनका लागी समुदायमा जनचेतनाका लागी स्थानिय रडेक्रसका निकायहरु, सञ्चार माध्यम मार्फत सुचना प्रवाह गरीनेछ । चट्याङको जोखिमको आँकलन गरी यसबाट हुन सक्ने क्षति कम गर्नका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ८: चट्याङको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| चट्याङको जोखिम आँकलन गरी सार्वजनिक रूपमा उपलब्ध गराउने । | चट्याङको जोखिम आँकलन गरी सार्वजनिक रूपमा उपलब्ध हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, अनुसन्धान केन्द्रहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| चट्याङको जोखिमयुक्त पूर्वाधारहरू (पशुधन), जनसंख्या तथा आश्रय स्थलहरूमा चट्याङको जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | जलवायुजन्य जोखिमस्तर (उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जिल्ला वन कार्यालय, सामुदायिक वन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

Formatted Table

### *४.१.६.३ हावाहुरी*

फाल्गुन देखि ज्येष्ठसम्म यस गाउँपालिका हावाहुरीको लागि जोखिम युक्त मानिन्छ । पछिल्लो ७ वर्ष ( २०६९ देखि २०७६) मा हावाहुरीले ५० घरधुरी र २ विद्यालयहरुको छाना उडाएको छ । हावाहुरीको जोखिमको आँकलन गरी यसबाट हुन सक्ने क्षति कम गर्नका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ९: हावाहुरीको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| हावाहुरीको प्रकोप तथा जोखिम आँकलन, नक्शाङ्कन र प्रकोप तथा जोखिम क्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | जलवायुजन्य प्रकोप क्षेत्रको प्रकोप नक्शा उपलब्ध हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | जिल्ला वन कार्यालय, सामुदायिक वन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू |
| जोखिमयुक्त पूर्वाधारहरू कृषि, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा आश्रय स्थलहरूको जलवायुजन्य जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | जलवायुजन्य जोखिमस्तर (उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जिल्ला वन कार्यालय, सामुदायिक वन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू |
| हावाहुरीको कृषिक्षेत्रमा पर्ने प्रकोपको क्षति न्युनीकरण गर्न हावाहुरी छेक्न अग्ला प्रजातिका रुखहरु लगाउने प्रोत्सान गर्ने । | हावाहुरीको कृषिक्षेत्रमा पर्ने प्रकोपको क्षति न्युनीकरण गर्न हावाहुरी छेक्न अग्ला प्रजातिका रुखहरु लगाउने प्रोत्सान गरिनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जिल्ला वन कार्यालय, सामुदायिक वन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल तथा अन्य निकायहरु |

### *४.१.६.४ तातो हावाको लहर*

राजपुर गाउँपालिकामा तातो हावाको लहरले पार्न सक्ने जोखिमको आँकलन गरेको गर्न अति विपन्न परिवारको पहिचान गर्न विभिन्न रणनीतिक क्रियाकलाप, प्रक्रिया तथा संयन्त्र निर्माण गर्नु पर्ने देखिन्छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १०: तातो हावाको लहरको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| तातो हावाको लहरबाट प्रभावित हुन सक्ने वस्तीहरू, समूहहरू तथा व्यक्तिहरु पहिचान र नक्शाङ्कन गर्ने । | तातो हावाबाट प्रभावित कुन सक्ने वस्तीहरू, समूहहरू तथा व्यक्तिहरु तथ्याङ्क उपलब्ध हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, सामुदायिक वन तथा अन्य निकायहरु |
| तातो हावाको लहरको जोखिमले प्रभाव पार्न सक्ने समुदायमा उमेर र अपाङ्गताका आधारमा भू-सन्दर्भित (Geo-referenced) जोखिम, सम्मुखता | तातो हावाकाको जोखिम, सम्मुखता र संकटउन्मुखता सम्मुखता र संकटासन्नताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी |



Formatted Table

Formatted: Highlight

| | | | | |
|---|---|---|---|---|
| र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | उपलब्ध हुनेछ । | | | प्रकोप उद्धार समिति |
| तातो हावाको जोखिमयुक्त पूर्वाधार मुख्यत कृषि तथा पशुधनमा तातो हावाको लहरको जोखिम आँकलन तथा कृषि तथा पशुधनमा तातो हावाकोलहरको जोखिमस्तर ( उच्च, मध्यम र सामान्य) रहेको समुदायहरुको नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | तातो हावाको लहरको जोखिमस्तर (उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, जिल्ला आपत्‌कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |

### ४.१.६.५ शीतलहर

राजपुर गाउँपालिकामा शीतलहर तथा चिसोले पार्न सक्ने जोखिमको आँकलन गरेको गर्न अति विपन्न परिवारको पहिचान गर्न विभिन्न रणनीतिक कियाकलाप, प्रक्रिया तथा संयन्त्र निर्माण गर्नु पर्ने देखिन्छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ११: शीतलहरको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक कियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| शीतलहर र चिसोको जोखिमबाट प्रभावित हुन सक्ने वस्तीहरू, समूहहरू तथा व्यक्तिहरु पहिचान र नक्शाङ्कन गर्ने । | शीतलहर र चिसोबाट प्रभावित हुन सक्ने वस्तीहरू, समूहहरू तथा व्यक्तिहरु तथ्याङ्क उपलब्ध हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, सामुदायिक वन, तथा अन्य निकायहरु |
| सामूहिक राहत स्वरुप चोक वा टोलमा सामूहिकरूपमा दाउराहरु बाल्ने तथा तातो हुने अन्य प्रवन्धहरु मिलाउने । | लहर तथा चिसोबाट प्रभावित वस्तीहरू, टोलहरुमा सामूहिकरूपमा दाउराहरु बाल्ने तथा तातो हुने अन्य प्रवन्धहरु मिलेको हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, सामुदायिक वन, तथा अन्य निकायहरु |
| शीतलहरको जोखिमले प्रभाव पार्न सक्ने समुदायमा उमेर र अपाङ्गताका आधारमा भू-सन्दर्भित (Geo-referenced) जोखिम, सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | शीतलहरको जोखिम, सम्मुखता र संकटउन्मुखता सम्मुखता र संकटासन्नताको छुट्टाछुट्टै (disaggregated) तथ्याङ्क उपलब्ध हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, जिल्ला आपत्‌कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति तथा अन्य निकायहरु |

Formatted: Highlight

| | | | | |
|---|---|---|---|---|
| शीतलहरको जोखिमयुक्त पूर्वाधार मुख्यत पशुधनमा शीतलहरको जोखिम आँकलन तथा पशुधनमा शीतलहरको जोखिमस्तर (उच्च, मध्यम र सामान्य) रहेको समुदायहरुको नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | शीतलहरको जोखिमस्तर ( उच्च, मध्यम र सामान्य) को जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति, तथा अन्य निकायहरु, |

**Formatted:** Highlight

## ४.१.७ डुङ्गा/सडक दुर्घटना जोखिम

राजपुर गाउँपालिकामा विगतमा डुङ्गा दुर्घटनामा परी धेरैले ज्यान गुमाएको र समुदायस्तरको छलफलका क्रममा अझै पनि बर्षाको समयमा केहि स्थानहरुमा कहिलेकाँहि पुर्ख्यौली पेशामा रुपमा डुङ्गा प्रयोगमा आउने जानकारी प्राप्त भयो । यस सन्दर्भमा डुङ्गा दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १२: डुङ्गा/सडक दुर्घटनाको जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| डुङ्गा/सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी प्रकोप आँकलन, नक्शाङ्कन र प्रकोप क्षेत्र निर्धारण गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने । | डुङ्गा/सडक दुर्घटना प्रकोप नक्शा उपलब्ध हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा अन्य सरोकारवालाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| पुल निर्माण मार्फत डुङ्गा दुर्घटनाको प्रयोग बिस्थापन गर्दै जाने । | पुल निर्माणले डुङ्गा दुर्घटनाको प्रयोग बिस्थापन भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवालाहरू |

**Formatted:** Highlight

## ४.१.८ औद्योगिक (रासायनिक, विकिरण) जोखिम

राजपुर गाउँपालिकामा हालको अवस्थामा गिट्टी उद्योग, बालुवा उद्योग, राइस मिल, फर्निचर उद्योग, काष्ठकला उद्योग बाहेकका उद्योगहरु खासै विकास भएका छैनन् । विद्यमान अवस्था र भविष्यमा हुन् सक्ने औद्योगिक विकासका सबालमा समुदायस्तरमा भएको छलफलका सहायताले औद्योगिक प्रकोप तथा

जोखिमको आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्न लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १३: औद्योगिक जोखिम तथा क्षति कम गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| औद्योगिक प्रकोप तथा जोखिमको आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | औद्योगिक रासायनिक प्रकोप नक्शा उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | समुदायमा आधारित संगठनहरू, गैरसरकारी संस्थाहरू, राजनीतिक दल, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| जोखिमयुक्त पूर्वाधारहरू, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, जनसंख्या तथा आश्रयस्थलहरू, औद्योगिक संरचनाहरुको औद्योगिक जोखिम आँकलन तथा नक्शाङ्कन सम्पन्न गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने । | औद्योगिक जोखिम स्तर (उच्च, मध्यम र सामान्य) का जानकारी खुला श्रोत स्वरूपमा सार्वजनिक रूपमा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैरसरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

## ४.२ बहुप्रकोप जोखिम आकलनको लागि अन्तर निकाय समन्वय

राजपुर गाउँपालिकामा बहु-मापदण्डमा आधारित बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनहरू पर्याप्त छैनन् । यस सन्दर्भमा बहुप्रकोप जोखिमको आँकलन तथा नक्शाङ्कनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १४: बहु-प्रकोप जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| प्रकोप, सम्मुखता, सङ्कटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम गर्न अन्तर निकाय संयन्त्र स्थापना गर्ने । | प्रकोप, सम्मुखता, संकटउन्मुखता र जोखिम तथ्याङ्क संकलनमा एकरूपता कायम भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | समुदायमा आधारित संगठनहरू (CBOs), विकासका साझेदार, गैरसरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| गाउँपालिकामा महत्वपूर्ण | सर्वसाधारणका लागि | अल्पकालिन | राजपुर | राष्ट्रपति चुरे तराई मधेश संरक्षण |

Formatted: Highlight

| | | | | |
|---|---|---|---|---|
| पूर्वाधारहरू (आवास, सिंचाई, उद्योग, कृषि, सडक, ऊर्जा, पशुधन, वन, सिमसार, जलासय, जीविकोपार्जन, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना आदि), आश्रयस्थल र जनसंख्याको लागि बहु-मापदण्डमा आधारित विस्तृत बहु-प्रकोप जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने । | खुला श्रोत स्वरूपमा महत्वपूर्ण पूर्वाधार र आवासको बहु-प्रकोप जोखिम जानकारी उपलब्ध भएको हुनेछ । | | गाउँपालिका | विकास कार्यन्वयन ईकाई, समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| बहु-प्रकोप जोखिम संवेदनशील भू-उपयोग योजनाहरूको तयारी गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउँने । | बहु-प्रकोप जोखिम संवेदनशील भू-उपयोग योजनाहरू उपलब्ध भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई, समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |

Formatted: Highlight

Formatted: Highlight

# ४.३ प्रभावकारी विपद् व्यवस्थापन सुचना प्रणालीको विकास तथा सुचना प्रवाह

राजपुर गाउँपालिकामा एकीकृत सूचना प्रसारण गर्ने पद्धतिको विकास र सञ्चार माध्यम तथा आधुनिक सञ्चार प्रविधिहरूको समुचित प्रयोग गर्ने क्षमताको पूर्ण विकासका लागि प्रभावकारी काम गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १५: प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद् जोखिम न्युनीकरणका सबालमा प्रचारप्रसार गर्न विभिन्न मिडिया (सामाजिक, छापा, विद्युतीय, श्रब्य दृश्य) को प्रभावकारी प्रयोग गर्ने । | विपद् जोखिम बारे व्यापक प्रचार प्रसार तथा जानकारी भएको हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका | प्रदेश सरकार, दुरसंचार कम्पनीहरु, पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, |
| विपद् जोखिम सूचना साझेदारिताका लागि सरकारी संस्थाहरू, समुदायमा आधारित संगठनहरू, गैर सरकारी संस्थाहरू, राजनीतिक दल तथा भातृ संगठनहरु, नेपाल रेडक्रस | विपद् जोखिम सूचना साझेदारितामा व्यापक रूपले सहकार्य भएको हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका | प्रदेश सरकार, दुरसंचार कम्पनीहरु, समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैरसरकारी संस्थाहरू, राजनीतिक दल, नेपाल रेडक्रस सोसाईटी र मिडिया, जिल्ला आपत्कालीन कार्य संचालन |

| | | | | |
|---|---|---|---|---|
| सोसाईटी र मिडिया बीच राष्ट्रिय स्तरसम्म सहकार्य गर्ने । | | | | केन्द्र |
| स्थानीय तहमा विपद् जोखिम सूचना साझेदारी गर्न (मोबाईल एप्स, वेबसाईट, एसएमएस, रेडियो र टेलिभिजन जस्ता प्रविधिको प्रयोग सहित) संचार तथा प्रसार रणनीति र कार्यविधि तयार पार्ने । | सबै तहमा विपद् जोखिम सूचनाको प्रभावकारी संचार र प्रसार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, दुरसंचार कम्पनीहरु, समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैरसरकारी संस्थाहरू, राजनीतिक दल, रेडक्रस अभियानका अंगहरु र मिडिया, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य संकटउन्मुख समूहसँग जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसारण नीति र कार्यविधि तयार गर्ने । | महिला, वृद्ध, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य संकटउन्मुख समूहसँग जोखिम सूचना साझेदारी भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, दुरसंचार कम्पनीहरु, समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैरसरकारी संस्थाहरू, राजनीतिक दल, नेपाल रेडक्रस सोसाईटी र मिडिया, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| आधिकारिक, खुला, भौगोलिक सूचना प्रणालीमा आधारित विपद् जोखिम सूचना व्यवस्थापन प्रणालीको स्थापना गर्ने । | सबै तहमा विपद् जोखिम जानकारीको लागि विपद् जोखिम सूचना व्यवस्थापन प्रणाली उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | दुरसंचार कम्पनीहरु, समुदायमा आधारित संगठनहरू, विकासका साझेदार, गैरसरकारी संस्थाहरू, राजनीतिक दल, नेपाल रेडक्रस सोसाईटी र मिडिया |

## ४.४ विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि

राजपुर गाउँपालिकामा विपद् जोखिम बारे बुझाईका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययनअनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू गर्नु पर्ने आवश्यकता छ । गाउँपालिकाको विपद् जोखिम न्यूनीकरणका लागि प्रशिक्षण र अनुसन्धानका नतिजाहरु समुदायसम्मै पुऱ्याउनपर्ने यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १६: विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विद्यालयका पाठयक्रममा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्वन्धी पाठयक्रम निर्माण गरी अध्ययन, अध्यापनलाई संस्थागत गर्ने । | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा दक्ष जनशक्ति विकास भै विपद् जोखिम बुझाईमा वृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | समुदायमा आधारित संघ संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, राजनीतिक दल तथा अन्य निकायहरु |

| | | | | |
|---|---|---|---|---|
| दलित, महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, संकटउन्मुख समुदायहरू र सम्पूर्ण सरोकारवालाहरूका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने । | संकटउन्मुख समुदायहरू र सरोकारवालाहरूको विपद् जोखिम सम्बन्धी बुझाईमा क्षमता विकास भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | समुदायमा आधारित संघ संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल तथा जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विद्यार्थी, अविभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा खेल्नुपर्ने भूमिकाबारे जानकारीमूलक सामग्री बनाई प्रचारप्रसार गर्ने, तालिम प्रदान गर्ने । | विद्यार्थी, अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी, खानेपानी सेवा प्रदायक, सामुदायिक संस्था तथा उपभोक्ताहरूको विपद् जोखिम बुझाईमा क्षमता वृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | समुदायमा आधारित संघ संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल तथा जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| राजनीतिक दल तथा भातृ संगठनहरुका सदस्यहरु, निर्वाचित जनप्रतिनिधि, विषयगत निकायका सम्पर्क व्यक्ति, विपद जोखिम व्यवस्थापन क्षेत्रमा कार्यरत संघ संस्थाहरूलाई विपद् जोखिम न्यूनीकरण ऐन, नियम, नीति, रणनीतिक कार्ययोजना बारे अभिमुखिकरण गर्ने । | विपद् जोखिम न्यूनीकरण सम्बन्धि कानूनी तथा नियामक व्यवस्थाबारे व्यापक जानकारी भै निर्णय प्रक्रिया प्रभावकारी भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल तथा भातृ संगठनहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद् जोखिम न्यूनीकरण सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरूको विकास तथा संचालन गर्नका लागि समुदायमा आधारित संघ संस्था, गैरसरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने । | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धिमा व्यापक सहकार्य भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| व्यापारी, व्यवसायी र उद्यमीहरूलाई विपद् जोखिम न्यूनीकरणबारे प्रशिक्षण दिई उनीहरूको जवाफदेहिता, सहभागिता र जिम्मेवारीवोध बढाउने । | निजी क्षेत्र विपद् जोखिम बारे जानकार भई जिम्मेवार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | स्थानिय उद्योग वाणिज्य संघ, समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद् जोखिम सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि | विपद् जोखिम सम्बन्धी चेतना अभिबृद्धि भएको | अल्पकालिन | राजपुर गाउँपालिका | समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन, जिल्ला |

| | | | | |
|---|---|---|---|---|
| विस्तृत गाउँपालिका स्तरको कार्यक्रमको विकास गरी संचालन गर्ने । | हुनेछ । | | | आपत्कालीन कार्य संचालन केन्द्र |
| वन तथा वन्यजन्तु संरक्षण सम्बन्धि कानुनहरुको सचेतिकरण तथा क्षमता अभिवृद्धिका विशेष कार्यक्रमहरू संचालन गर्ने । | वन तथा वन्यजन्तु सम्बन्धि कानुनहरुको सचेतिकरणका विशेष कार्यक्रमहरू संचालन भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| गाउँपालिकामा प्रकोप, संकटउन्मुखता तथा जोखिम आँकलन, व्याख्या र समय समयमा अद्यावधिक गर्ने, जोखिम संवेदनशील भू( उपयोग योजना तयारी, विपद् प्रभाव मूल्याङ्कन सम्वन्धमा सरोकारवाला र पेशाकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम गर्ने । | जोखिम आँकलन र व्याख्या अद्यावधिक गर्ने कार्यमा क्षमता सुदृढ भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था, सुरक्षा निकाय, गैर-सरकारी सङ्गठन, विश्वविद्यालयहरू, अनुसन्धान केन्द्रहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका सवाल, समस्या र समाधान माथि अनुसन्धान गर्ने । | विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका लागि नयाँ प्रविधि तथा प्रणालीको बिकास भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, विश्वविद्यालयहरु, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद, अनुसन्धान केन्द्रहरू, गैर-सरकारी सङ्गठन |

# अध्याय ५: प्राथमिकता प्राप्त क्षेत्र २ गाउपालिकामा विपद् जोखिम शासकीय पद्धतिको सूदृढीकरण

# अध्याय ५: प्राथमिकता प्राप्त क्षेत्र २ गाउपालिकामा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

राजपुर गाउँपालिकामा विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणका लागि विद्यमान नीति तथा नियमहरुको आधारमा आवश्यक संरचना तयार गर्नुपर्ने आवश्यकता रहेको छ । यसरी संरचना तयार गर्दा गाउँपालिकामा उपलब्ध भएका तथा हुन सक्ने सरोकारवालाहरुको भुमिकालाई ध्यान दिनुपर्ने हुन्छ । विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण जोखिम बुझ्ने, न्यूनीकरण गर्ने तथा व्यवस्थापन गर्ने प्रयासको जगको रूपमा मानिन्छ । विपद् जोखिम शासकीय पद्धतिले विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणमा नागरीकका चासो व्यक्त गर्न, कानूनी अधिकार र दायित्व बारे अभ्यास गर्न र गुनासो तथा मतभेदहरुलाई सम्बोधन गर्नका लागि संस्थागत व्यवस्था, नीतिगत व्यवस्था, संयन्त्र, समन्वय र प्रक्रियाहरूको व्यवस्था गर्दछ । यसले विपद्बाट सुरक्षित रहन, तयारी गर्न, व्यवस्थापन गर्न र पुनर्लाभ प्राप्त गर्न क्षमता तथा स्रोत साधनहरू पर्याप्त मात्रामा उपलब्ध हुनेछन् भन्ने सुनिश्चित गर्दछ । विपद् जोखिम न्यूनीकरण तथा दिगो विकास कार्यान्वयनको लागि सहयोग र साझेदारीलाई बढावा दिन विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण आवश्यक छ । विपद् जोखिम शासकीय पद्धति सुदृढ बनाउन निम्न कुराहरूमा जोड दिनु आवश्यक छ ।

(क) विपद् जोखिम न्यूनीकरणलाई एकीकृत र मूलप्रवाहीकरण गर्न गाउँपालिकाको कानून, नियम र नीतिहरूको एकरूपता कायम गर्ने । सार्वजनिक तथा सरोकारवालाहरुको भूमिका र जिम्मेवारीलाई मार्गदर्शन गर्ने । सार्वजनिक सेवा तथा पूर्वाधारहरू निर्माण गर्दाविपद् जोखिमलाई सम्बोधन गर्ने । व्यक्ति, परिवार, समुदाय र व्यवसायका कार्यहरूलाई प्रोत्साहन गर्ने । विपद् जोखिम पारदर्शिताको लागि सम्बन्धित संयन्त्र तथा पहललाई बढावा दिने ।

(ख) सबै वडाहरूमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना अवलम्बन र कार्यान्वयन गर्ने ।

(ग) पहिचान गरीएका जोखिमहरुको सामना गर्न प्राविधिक, वित्तीय र प्रशासनिक रूपमा विपद् जोखिम व्यवस्थापन क्षमताको आँकलन गर्ने ।

(घ) विषयगत क्षेत्रका नीति, नियम र कानूनमा रहेका विपद्जोखिम न्यूनीकरणका प्रावधानहरू जस्तै भू-उपयोग, शहरी योजना, भवन संहिता, पर्यावरण संरक्षण, स्रोत व्यवस्थापन, स्वास्थ्य र सुरक्षास्तर सम्बोधन आदिको पालना सुनिश्चित गर्न र प्रोत्साहनलाई बढावा दिन आवश्यक संयन्त्रको व्यवस्था गर्ने तथा आवश्यकता अनुसार अद्यावधिक गर्ने ।

(ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न योजनाहरुको आवधिक प्रगति समीक्षा तथा लेखाजोखा गर्न पद्धति विकास गर्ने, सुदृढ बनाउने एवं प्रगति समीक्षाको विषयमा जनप्रतिनिधीहरू, र सरोकारवालाहरूसँग छलफल तथा बहसलाई प्रोत्साहन गर्ने ।

(च) विपद् जोखिम व्यवस्थापनका लागि स्प्रष्ट भूमिकाका आधारमा समुदायका प्रतिनिधिहरूलाइ अग्रसर गराउने ।

(छ) गाउँपालिकामा सम्बद्ध सरोकारवालाहरूबाट बनेको सरकारी समन्वय मञ्चहरूको स्थापना गर्ने र सुदृढ बनाउने, त्यसको नेतृत्व गाउँपालिकाले गर्ने ।

(ज) विपद् जोखिम व्यवस्थापनमा नागरीक समाज, समुदाय, राजनीतिक दल तथा भातृ संगठनहरु, आदिवासीसँग सहकार्य र समन्वय गर्ने ।

(झ) विपद् जोखिम न्यूनीकरणका लागि नीतिगत तथा वित्तीय व्यवस्थाको लागि सरोकारवालाहरुसँगको छलफल तथा बहसलाई प्रोत्साहन गर्ने ।

(ञ) विपद् जोखिम व्यवस्थापनको गुणस्तर विकासका लागि कदर, पुरस्कार आदिको व्यवस्था गर्न निजी क्षेत्र, नागरीक समाज, व्यावसायिक संस्थाहरूसँग सहकार्य गर्ने ।

(ट) विपद् जोखिम क्षेत्रहरूमा विपद् नियन्त्रण तथा मानव बस्तिहरू स्थानान्तरण गर्न नीतिगत व्यवस्था गर्ने ।

यस प्राथमिकता प्राप्त क्षेत्रको कार्यान्वयनले जलवायु परिवर्तन अनुकुलन र विपद् जोखिम न्यूनीकरणलाई एकीकृत रूपमा कार्यान्वयन गरी विषयगत क्षेत्रहरू, सामाजिक र आर्थिक विकास योजना प्रक्रिया तथा अभ्यासहरूमा विद्यमान जोखिम कम गर्न र भविष्यमा हुन सक्ने जोखिम वा क्षति रोकथाम गर्न सहयोग पुऱ्याउँछ । साथै सुरक्षित विकासका लागि कम जोखिमका क्षेत्रहरूमा प्रोत्साहन र उच्च जोखिम क्षेत्रहरूमा निरूत्साहन गरी उत्थानशीलता विकासमा योगदान दिनेछ ।

राजपुर गाउँपालिकामा विपद् जोखिम शासकीय पद्धति सुदृढ गर्न यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरीएका छन् ।

क) संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

ख) कानूनी तथा नियामक संरचना निर्माण

ग) विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

घ) विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता

## ५.१ संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण

नेपालको संविधानले स्थानीय तहलाई पर्याप्त अधिकार प्रदान गरेको सन्दर्भमा विपद् जोखिम शासकीय पद्धतिमा पनि स्थानीय तहलाई बढी जिम्मेवार हुनुपर्नेछ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १७: संस्थागत संरचनाहरूको स्थापना एवं सुदृढीकरण गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| गाउँपालिकामा विपद् जोखिम व्यवस्थापन समिति तथा संस्थागत संरचना विकास गर्न समयबद्ध कार्ययोजना बनाई लागू गर्ने । | विपद् जोखिम शासनमा गाउँपालिकाको संस्थागत संरचना र कार्यक्षमताको विकास भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| वडा स्तरमा गाउँपालिका संग समन्वय गर्ने संयन्त्र स्थापना गर्ने । | प्रत्येक वडामा जिम्मेवारी सहित समन्वय संयन्त्र भएको हुनेछ यसको काम स्थानीय विपद् जोखिम व्यवस्थापन समितिले गर्न सक्नेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | विशषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई |
| विद्यमान जोखिमयुक्त सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरू तथा भौतिक पूर्वाधारहरू ( सार्वजनिक, सरकारी र निजी भवनहरू, विद्यालय र स्वास्थ्य चौकी, आदि) को प्रबलीकरणको लागि विशेष कोष र अनुगमन संयन्त्र | पूर्वाधारहरू प्रबलीकरणमा वित्तीय व्यवस्था र उत्तरदायित्व स्थापित भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| स्थापना गर्ने । | | | | |
| विद्यालयमा विपद् जोखिम व्यवस्थापन समिति स्थापना गर्ने । | विद्यालय प्रभावकारी विपद् जोखिम व्यवस्थापन भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका विद्यालय व्यवस्थापन समिति | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| गाउँपालिकामा स्वास्थ्य आपत्कालिन कार्य सञ्चालन केन्द्र स्थापना गर्ने । | गाउँपालिकामा प्रभावकारी आपत्कालिन स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष संलग्न गाउँपालिकाभित्रका सम्वन्धि संगठनात्मक संरचना सुधार तथा सुदृढीकरण गर्ने । | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि प्रभावकारी संस्थागत व्यवस्था भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | विशषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू, जिल्ला दैवी प्रकोप उद्धार समिति |

## ५.२ कानुनी र नियामक संरचनाको निर्माण

विगतका कानूनी तथा नीतिगत व्यवस्थाहरुको आधारमा सम्पादन गरीएका कार्यहरुको अनुभवहरुलाई समेत अवलम्बन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको बहुआयामिकतालाई सम्बोधन गर्न समसामयिक कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता छ । विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न बनेको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन गर्न स्थानिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र नियमावली तयार गर्नुपर्ने आवश्यकता छ । विपद् जोखिम न्यूनीकरणको लागि विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित कानूनी र नियामक संरचनाहरूकोपनि विकास गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १८: कानूनी र नियामक संरचनाको निर्माण गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| गाउँपालिकाको विपद जोखिम न्यूनीकरण नीति | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि | निरन्तर | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सामाजिक |

| | | | | |
|---|---|---|---|---|
| रणनीतिक कार्ययोजनाको निमार्ण, पुनरावलोकन तथा अद्यावधिक गर्ने । | गाउँपालिका तयार भएको हुनेछ । | | | संस्थाहरु, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने पुनरावलोकन तथा अद्यावधिक गर्ने । | गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएको हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सामाजिक संस्थाहरु, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| गाउँपालिकाका लागि भवन निर्माण विनियम बनाउने । | बाढी, भूकम्प वन्यजन्तु र आगजनी प्रतिरोधी भवन निर्माणका लागि नीतिगत व्यवस्था भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| पूर्वाधार योजना डिजाइन र निमार्णका लागि विद्यमान मापदण्डहरू र मानकहरू (भूकम्प कोड, योजना मापदण्डको पालना गराउने । | पूर्वाधार योजना डिजाइन र निर्माणका लागि परिष्कृत कोड, मानक, निर्देशिका अनुसार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| विपद् जोखिम प्रभाव मूल्याङ्कनलाई स्थानिय वातावरण संरक्षण ऐन तथा वातावरण प्रभाव मूल्याङ्कन निर्देशिका निर्माण गरी त्यसमा समावेश गर्ने । | विपद् जोखिम प्रभाव मूल्याङ्कन स्थानिय वातावरण संरक्षण ऐन तथा वातावरण प्रभाव मूल्याङ्कन निर्देशिका निर्माण गरी त्यसमा समावेश भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | विशषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू |
| प्रमुख परियोजनाहरूको छनौटका लागि विपद् र जलवायु परिवर्तन जोखिम सम्वन्धी ज्ञानहरूको आधारमा विकास आयोजनाहरूको प्रारम्भिक र विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा तयार गरी निर्देशिकाहरूमा समावेश गर्ने । | प्रमुख आयोजनाहरूमा जलवायु र विपद् जोखिम प्रतिरोधी प्रविधी समावेश गर्न विस्तृत जोखिम मूल्यांकन कार्यढाँचा तयार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विश्वविद्यालहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् | प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी विभिन्न कार्यक्रम र कार्ययोजनाहरूमा विपद् जोखिम न्यूनीकरण | अल्पकालिन | राजपुर गाउँपालिका | विशषज्ञ परामर्शदाताहरु, ईन्जिनियरिङ्ग अध्ययन संस्थान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू तथा अन्य |

| | | | | |
|---|---|---|---|---|
| जोखिम न्यूनीकरण समावेश गर्ने । | समावेश भएको हुनेछ । | | | सरोकारवालाहरू |
| विपदको समयमा भग्नावशेष, लाश र विभिन्न फोहर व्यवस्थापनको लागि आवश्यक निर्देशिका बनाउँने । | विपदको समयमा भग्नावशो, लाश र फोहर व्यवस्थित गर्न निर्देशिका तयार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल, सुरक्षा निकायहरु |
| गाउँपालिकाका आपत्कालिन कार्यसंचालन केन्द्रको कार्यसंचालन विधी तयार गर्ने । | आपत्कालिन कार्यसंचालन केन्द्रहरूको कार्यसंचालन विधी तयार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| घरको अवस्था, जग्गा जमीन तथा आर्थिक स्थिति, परिवार संख्या, घरको आयश्रोत वडाको सिफारीसका आधारमा अति विपन्न र अति विपन्न परिवारको पहिचान गरी तिनलाई राहत स्वरुप कम्वल तथा न्यानो कपडाहरुको व्यवस्था गर्ने मापदण्ड बनाउने । | शीतलहरको जोखिमले प्रभाव पार्न सक्ने अति विपन्न र अति विपन्न परिवारको पहिचान गरी तिनलाई राहत स्वरुप कम्वल तथा न्यानो कपडाहरुको व्यवस्था गर्ने मापदण्ड बनेको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल तथा अन्य निकायहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| स्थानीय र सामुदायिक विपद् व्यवस्थापन समितीका लागि स्थानीय विपद् जोखिम व्यवस्थापन कार्यसंचालन विधि तयार र नियमित अद्यावधिक गर्ने । | स्थानीय तहमा प्रभावकारी विपद् पूर्वतयारी तथा आपत्कालिन प्रतिकार्यको लागी कार्यसंचालन विधि तयार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन कार्यविधि र निर्देशिकाहरूको (CAPA, LDRMP, LAPA, DPRP) एकीकृत निर्देशिका तयार गर्ने । | गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका लागि एकीकृत कार्यविधि उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल तथा भातृसंगठनहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| स्थानीय विद्यालयहरुका विपद् जोखिम व्यवस्थापन योजना (SDRMP) तयार गर्ने । | स्थानीय विद्यालयहरुका विपद् जोखिम व्यवस्थापन योजना (SDRMP) उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका, विद्यालयहरु | नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य |

| | | | | |
|---|---|---|---|---|
| | | | | संचालन केन्द्र |
| जोखिम आँकलनको आधारमा राप्ती नदी बेसिनमा नदी व्यवस्थापन र जलाधार संरक्षणको लागि गुरू योजना तयार गर्ने । | जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरणका लागी गुरू योजना तयार भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, ईन्जिनियरिङ्ग संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, पुर्वाधार सम्वन्धित संस्थाहरु |
| हरित पूर्वाधार र पारिस्थितिकी प्रणालीमा आधारित अनुकूलन (Ecosystem Based Adaptation)(EbA) मार्फत विपद् जोखिम न्यूनीकरणका लागि मार्गदर्शन तयार गर्ने । | हरित पूर्वाधार र पारिस्थितिकी प्रणालीमा आधारित अनुकूलन मार्फत विपद् जोखिम न्यूनीकर ाका लागी मार्गदर्शन तयार भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, सामुदायिक वन फेकोफन |
| जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयनको लागि नियमन, प्रोत्साहन र निरूत्साहन व्यवस्था विकास गर्ने । | सबै वडामा भविष्यमा बस्ती र उत्पादनमूलक प्रयोगका लागि उच्च, मध्यम तथा न्यून जोखिम क्षेत्रहरूको पहिचानको आधारमा योजनाहरु तयार भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरू |
| निजी क्षेत्रहरूका व्यवस्थापन अभ्यासहरूमा विपद् जोखिम व्यवस्थापन एकीकृत गर्ने । | निजी क्षेत्रमा विपद् जोखिम व्यवस्थापन अवलम्बन भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, विशषज्ञ परामर्शदाताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| प्राकृतिक र जलवायुजन्य प्रकोप व्यवस्थापन निर्देशिका तयार गर्ने । | प्राकृतिक र जलवायुजन्य प्रकोप व्यवस्थापन प्रभावकारी बनाउन निर्देशिका तयार भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

## ५.३ विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी

प्रत्येक वर्ष मानिसहरु पढाई र ज्याला मजदुरी र नोकरीका लागि राजपुर गाउँपालिकाभन्दा बाहिर जाने गरेको र स्थानिय पेशा कृषी र पशुपालन रहेको छ भने न्युन मात्रामा मानिसहरु व्यापार व्यवसायमा संलग्न रहेका छन् । यसरी मुख्य जनशक्ति गाउँबाट बाहिर रहने भएकाले विपदका बेला सहयोग गर्ने

शक्तिसित जनशक्तिको अभावले गर्दा विपद्का बेला त्यहाँ हुने जनशक्तिलाई विपद् जोखिम न्युनिकरण सम्बन्धि क्षमता अभिवृद्धि गर्न आवश्यक रहेको देखिन्छ । छिमेकी स्थानिय सरकारहरुसँग विपद् जोखिम न्यूनीकरणमा सहकार्य बढाउनु आवश्यक छ । साथै विपद् जोखिम व्यवस्थापनमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र अनुसन्धान संस्थाहरूसँग सहकार्य र साझेदारी विकास गर्नु जरूरी छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका १९: विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणमा शासकीय क्षमता पहिचान गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्ने । | विपद् जोखिम शासनमा क्षमता अभिवृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणमा संलग्न सरकारी तथा गैर सरकारी निकायहरू र रेडक्रस अभियानका अंगहरुको सञ्जाल स्थापना तथा बिस्तार गर्ने । | सरकारी तथा गैरसरकारी निकायहरूको सञ्जाल स्थापना भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, अनुसन्धान संस्थाहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कन विधी सम्बन्धि तालिम संचालन गर्ने । | तालिम संचालन भै जलवायु तथा विपद् जोखिम प्रभाव मूल्याङ्कनगर्ने जनशक्तिको विकास भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, दातृ निकायहरू तथा अन्य सरोकारवालाहरूसँग सहकार्य गर्ने । | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा व्यापक सहकार्य भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई, दातृ निकायहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति तथा अन्य सरोकारवालाहरू |

Formatted: Highlight

Formatted: Highlight

Formatted: Highlight

Formatted: Highlight

## ५.५ विपद् जोखिम न्युनीकरणमा समावेशीताको सुनिश्चितता

महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्ग र आर्थिक तथा सामाजिक रूपले सीमान्तकृत समुदाय र व्यक्तिहरू सबैभन्दा बढी जोखिममा रहेका र विपद्बाट सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका विभिन्न प्रक्रियामा यी समूहहरूको पहुँच, प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता बृद्धि गरी समावेशीताको सुनिश्चितता गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २०: विपद् जोखिम न्यूनीकरणमा समावेशीताको सुनिश्चितता गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण प्रक्रियाहरूमा लैङ्गिक संवेदनशील र समावेशी पद्धति लागु गर्ने । | प्रत्येक क्षेत्रले लैङ्गिक संवेदनशील र समावेशी विपद् जोखिम व्यवस्थापन पद्धति अवलम्बन गरेको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद्बाट बढी प्रभावित, उत्थानशीलता कमजोर भएका र संकटउन्मुखता बढी भएका विभिन्न सामाजिक समूहको विपद् शासनका काममा सहभागिता बढाउँदै उनीहरूको सशक्तिकरण र साझेदारीको प्रवर्धन गर्न विपद जोखिम सरोकार समूहहरू गठन गरी संस्थागत विकास गर्ने । | समुदाय तहमा विपद् जोखिम सरोकार समूहहरूको स्थापना भई उनीहरूको सञ्जालीकरणबाट विपद् पीडित र जोखिम संकटउन्मुखव्यक्ति परिवार र समुदायको सहभागिता सुनिश्चित भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| प्रत्येक क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्य योजना तयार गर्ने । | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि कार्य योजना उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, गैर सरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद जोखिम व्यवस्थापनका कार्यक्रम र नीति निर्माणमा जोखिममा रहेका नागरिक र जनताको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिताको लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु संचालन गर्ने । | विपद जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा सामाजिक परिचालनका कार्यक्रमहरु संचालन भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| समाजका सीमान्तकृत समूह, महिला, | विशेष कार्यक्रमहरू | दीर्घकालिन | राजपुर | प्रदेश सरकार, गैर |

| | | | | |
|---|---|---|---|---|
| अपाङ्ग, बाल-बालिका तथा वृद्ध-वृद्धाहरूजस्ता अतिसंकटउन्मुख समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी संचालन गर्ने | संचालन भै महिला, बालबालिका, वृद्ध वृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको विपद् जोखिम न्यूनीकरण भएको हुनेछ | | गाउँपालिका | सरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

# अध्याय ६: प्राथमिकताप्राप्त क्षेत्र ३ (विपद जोखिम न्युनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन

# अध्याय ६: प्राथमिकताप्राप्त क्षेत्र ३ (विपद जोखिम न्युनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन

व्यक्ति, समुदाय र गाउँपालिकाकै भौतिक, आर्थिक, सामाजिक, स्वास्थ्य र सांस्कृतिक उत्थानशीलताको अभिवृद्धिका निमित्त संरचनात्मक र गैरसंरचनात्मक उपायहरू मार्फत विपद् जोखिम नियन्त्रण र न्यूनीकरणका लागि निजी र सार्वजनिक लगानी महत्वपूर्ण रही आएको छ। यस्तो लगानीले विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्धन मात्र होइन पूर्वाधार विकास, उत्पादन वृद्धि र रोजगारीको सिर्जना पनि गर्दछ । यस्ता उपायहरू विपद्पछिको स्थितिमा शीघ्र पुनर्लाभ र पुनःस्थापनाका दृष्टिले पनि महत्वपूर्ण हुन्छन्। वन जंगल, जलश्रोत तथा जमीन जस्ता सम्पदाहरूको संरक्षण र विद्यालयहरू, स्वास्थ्य सुविधाहरू, सरकारी तथा निजी पूर्वाधारहरू जस्ता संरचनागत सम्पदाहरूको प्रवलीकरणले विपद् उत्थानशीलता बृद्धि गर्छन् । जोखिम हिस्सेदारी, गरीवी निवारण, आय आर्जन र जीविकोपार्जनका उपायहरूको प्रवर्धन जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्धनका लागि महत्वपुर्ण मानिन्छन्।

विपद् जोखिम वीमाको प्रचलन नेपालमा प्रारम्भिक अवस्थामा रहेको अवस्थामा राजपुर गाउँपालिकाको अवस्था झन् दयनीय छ । जोखिम र क्षतिपूर्तिका क्षेत्रमा अन्यत्र प्रयोगमा आएका प्रणालीहरू (जस्तै- लघुबीमा, जोखिमको समूहकरण र सामाजिक परिचालन आदि) राजपुर गाउँपालिकामा स्थापित हुन नसकेकाले गरीब र सीमान्तकृत परिवार र समूहहरू बढी जोखिममा छन्। विपद् उत्थानशीलता अभिबृद्धि गर्न विभिन्न प्रकारका वित्तीय संयन्त्रहरू, जस्तै बार्षिक बजेट विनियोजन, आकस्मिक कोष तथा बीमा संयन्त्र प्रयोग गर्न पनि सकिन्छ।

यस प्राथमिकता प्राप्त क्षेत्रले निम्न कुराहरू सम्बोधन गर्नेछ।

(१)उत्थानशीलता बृद्धिमा लगानी द्वारा विद्यमान विपद् जोखिम कम गर्ने र

(२) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी प्रवर्धन मार्फत भविष्यमा सिर्जना हुन सक्ने जोखिम नियन्त्रण गर्ने।

यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरीएका छन्।

क) उत्थानशीलता बृद्धिमा लगानी प्रवर्धन

ख) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि

ग) विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्धन

घ) जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

## ६.१ उत्थानशीलता बृद्धिमा लगानी प्रवर्धन

विपद्का कारण भौतिक पूर्वाधारहरू, शैक्षिक तथा स्वास्थ्य संरचनाहरू, प्राकृतिक श्रोतहरू, जीविकोपार्जनका उपाय र शीपहरू, उत्पादन कार्यमा प्रयोग हुने औजार, सम्पत्ति र लगानीहरू प्रभावित हुने गरेका छन् । राजपुर गाउँपालिकामा कमजोर आय भएका ज्याला मजदुरीमा आश्रित व्यक्ति र परिवारको जीविकोपार्जनलाई प्रत्येक प्रकोपले दीर्घकालीन रूपमा क्षति पुऱ्याउने देखिन्छ । गाउँपालिकाका सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरू तथा भौतिक पूर्वाधारहरूको निर्माण र प्रबलीकरणमा लगानी बृद्धि गरी उत्थानशीलता प्रबर्द्धन गर्न सकिन्छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २१: उत्थानशीलता बृद्धिमा लगानी प्रवर्धन गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक कियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको रूचि तथा आवश्यकता बमोजिम उनीहरूको जीवनस्तर वृद्धि गर्नको लागि रोजगारी, सीप विकास तथा स्वास्थ्य सेवासँग सम्बन्धित कार्यक्रम तथा तालिमहरू सञ्चालन गर्न लगानी गर्ने । | संकटउन्मुख समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साभ्नेदारहरु, समुदायमा आधारित महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |
| विपद् जोखिम क्षेत्रका आर्थिक रूपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने कार्यक्रम संचालनको लागि लगानी गर्ने । | विपद् जोखिम क्षेत्रका समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साभ्नेदारहरु, समुदायमा आधारित महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी |
| विपद् जोखिम क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, | विपद् जोखिम क्षेत्रका समुदायको विपद् | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी |

| | | | | |
|---|---|---|---|---|
| प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिने । | उत्थानशीलता बृद्धि भएको हुनेछ । | | | संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, युवा क्लब, बालक्लब |
| आपत्कालिन समयमा अत्यावश्यक सेवा र संरचनाको पहिचान गरी तिनको संरचनागत र संचालनात्मक निरन्तरताको लागि स्रोत जुटाइ प्रवलीकरण र विकल्पहरूको स्पष्ट योजना बनाउँने । | आपत्कालिन अत्यावश्यक सेवा र संरचनाहरू विपद् उत्थानशील योजनाहरु भएका हुनेछन् । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, ईन्जिनियरिङ्ग परामर्शदाताहरु |
| मनसून पूर्व पानी निकास मार्गहरू सफाई गर्ने । | बाढी उत्थानशीलताका लागि निकास पानी मार्गहरू सफाई गर्ने कार्यमा बृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, ईन्जिनियरिङ्ग परामर्शदाताहरु |
| आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care)को निमार्ण | आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care)को सुविधा सर्वसुलभ हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू |
| गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूलाई सबैभन्दा मजबुत संरचनाको रूपमा निर्माण, पुनः निर्माण र प्रवलीकरण गरी सुरक्षित आपत्कालिन आवासीय सेवा समेत प्रदान गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने । | विद्यालयहरू विपद् उत्थानशीलता तर्फ अग्रसर भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, ईन्जिनियरिङ्ग सस्थाहरु |
| पोखरीहरूको निर्माण गरी पानी संरक्षण र वर्षाको पानी संकलन गर्ने तथा पानी उपयोगमा कुशल प्रविधी विकास गर्ने । | बाढी, खडेरी तथा आगलागी क्षति कम भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, ईन्जिनियरिङ्ग सस्थाहरु |

| | | | | |
|---|---|---|---|---|
| वन डढेलो नियन्त्रणका लागि अग्नी रेखा निमार्ण गर्ने । | आगलागी क्षति कम भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, जिल्ला वन कार्यालय, डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समुहहरु |
| स्थानीय श्रोतमा आधारित हरित संरचनाको प्रवर्धन गर्ने । | हरित संरचनाको निर्माणले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, ईन्जिनियरिङ्ग सस्थाहरु |
| खाद्यान्न पकेट क्षेत्र र पशुपालनको पकेट क्षेत्रको रुपमा विकास गर्ने । | जीवकोपार्जनमा टेवा पुऱ्याउन कृषिमा आधारित विभिन्न स्थानलाई पकेट क्षेत्रको रुपमा विकास गरिएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, कृषि सहकारीहरु |
| जीवकोपार्जनका लागि वैकल्पिक व्यवस्थित बगरखेती प्रणालीको विकास गर्ने । | व्यवस्थित बगरखेती प्रणालीको बिकास भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, कृषि सहकारीहरु |
| दुग्ध चिस्यान केन्द्र, कोल्ड स्टोर तथा मासु प्रशोधन उद्योगको स्थापना गर्ने । | जीवकोपार्जनमा टेवा पुऱ्याउन दुग्ध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योगको स्थापना भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, कृषि सहकारीहरु |
| पोखरी निर्माण गरी जल उत्पन्न प्रकोपको जोखिम न्युनीकरण र माछा पालनको व्यवसायिक कार्य सुरु गर्ने । | पोखरी निर्माणले जल उत्पन्न प्रकोपको जोखिम न्युनीकरण र जीवकोपार्जनमा टेवा पुऱ्याउन माछा पालनको व्यवसाहिक कार्य सुरु भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, कृषि सहकारीहरु |

| | | | | |
|---|---|---|---|---|
| जलवायु स्मार्ट(Climate Smart) कृषि प्रबर्धन गर्ने । | कृषिमा जलवायु परिवर्तनको जोखिम कम भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, कृषि सहकारीहरु, नेपाल कृषि अनुसन्धान परिषद |
| ताल, सिमसार तथा पोखरीहरूको संरक्षण गर्ने कार्यमा लगानी बढाउने । | ताल, सिमसार तथा पोखरीहरूको संरक्षण भै बाढी, खडेरी तथा आगलागी क्षति कम भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, ईन्जिनियरिङ्ग सस्थाकरु, जिल्ला वन कार्यालय, डिभिजन वन कार्यालय |
| स्थानीय तहमा वातावरणीय क्षयीकरण र विपद् जोखिम घटाउन बैकल्पिक ऊर्जाको प्रवर्धन गर्ने । | बैकल्पिक ऊर्जाको प्रयोगले विपद् तथा जलवायु परिवर्तन उत्थानशीलता विकास भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, ईन्जिनियरिङ्ग सस्थाकरु, जिल्ला वन कार्यालय, डिभिजन वन कार्यालय बैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र |
| स्वास्थ्यचौकीहरुको आपत्कालीन उपचार क्षमता अभिवृद्धि गर्ने । | स्वास्थ्य सेवामा विपद् उत्थानशीलताका लागि आपत्कालीन उपचार क्षमता अभिवृद्धि भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, ईन्जिनियरिङ्ग सस्थाहरु |
| गाउँपालिका भित्र रहेका सडक मार्गहरुको आपतकालिन रणनीतिक महत्व पहिचान गरी तिनको जोखिम र विपद् सहनशीलताको मुल्यांकन गरी प्रवलीकरण गर्ने । बैकल्पिक मार्गको स्पष्ट पहिचान, प्राथमिकीकरण र निर्माण गर्ने । | यातायात प्रणाली विपद् उत्थानशीलता तर्फ अग्रसर भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, ईन्जिनियरिङ्ग सस्थाहरु |

| | | | | |
|---|---|---|---|---|
| जोखिमयुक्त पूर्वाधारहरू ( विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, खानेपानीका संरचना, सरकारी तथा सार्वजनिक भवनहरू, ऐतिहासिक सम्पदा र सांस्कृतिक केन्द्र आदि) को प्रबलीकरण गर्न लगानी बढाउने । | जोखिमयुक्त पूर्वाधारहरू सुरक्षित भएका हुनेछन् । | दीर्घकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु |
| सरकारी कार्यालयहरू, सामुदायिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू र आश्रयस्थलहरू बालबालिका, बृद्धबृद्धा तथा अपाङ्ग मैत्री बनाउने । | बालबालिका, बृद्धबृद्धा तथा अपाङ्गहरूको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, ईन्जिनियरिङ्ग परामर्शदाताहरु |
| जीवकोपार्जनका वैकल्पिक विधिहरू, बाढी प्रतिरोधी कृषि प्रणाली, बाढी प्रतिरोधी खाद्य तथा बिउ भण्डारण आदि प्रोत्साहन गर्ने । | जीवकोपार्जनका साधनहरूमा विपद् उत्थानशीलता विकास भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, कृषि सहकारीहरु |
| बाढी तथा कटान जोखिम न्यूनीकरणका लागि जैविक बाँध, वृक्षरोपण, वन संरक्षण, जलाधार संरक्षण आदि प्रोत्साहन गर्ने । | वातावरण संरक्षण मार्फत बाढी जोखिम न्यूनीकरण भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, सहकारीहरु, सामुदायिक वन |
| बाढी जोखिम न्यूनीकरणका लागि संरचनागत प्रविधि अवलम्बन गर्ने (जस्तै तटबन्ध, जलाशय, चेक बाँध आदि) । | संरचनागत प्रविधि मार्फत बाढी जोखिम न्यूनीकरण भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यन्वयन ईकाई, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, ईन्जिनियरिङ्ग संस्थाहरु |
| बस्तीहरुलाई जलवायु अनुकुल विकास गर्ने । | गाउँ तथा बस्तीहरू जलवायु परिवर्तन बाट उत्पन्न हुने जोखिम कम भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, रेडक्रस |

| | | | | |
|---|---|---|---|---|
| | | | | अभियानका अंगहरु, ईन्जिनियरिङ्ग सस्थाकरु |

## ६.२ विपद् जोखिम न्युनीकरणमा सार्वजनिक लगानी वृद्धि

विपद् जोखिम आँकलनको आधारमा वार्षिक तथा आवधिक योजनाहरूको तर्जुमा गरी विपद् जोखिम न्यूनीकरणका लागि सार्वजनिक निकायहरूले पर्याप्त बजेटको व्यवस्था गर्नु जरूरी हुन्छ । राजपुर गाउँपालिकामा पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कोषको व्यवस्था गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २२: विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक कियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| गाउँपालिकाको सबै विषयगत निकायहरूले कम्तिमा पाँच प्रतिशत बार्षिक बजेट विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउँने व्यवस्था गर्ने । | विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रगत रुपमा लगानी सुनिश्चित भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, समुदायहरूका संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी |
| सडक निर्माण लागतको कम्तिमा दश प्रतिशत रकम सडक सुरक्षाका लागि छुटयाउँने व्यवस्था गर्ने । | सडक दुर्घटना जोखिम न्यूनीकरणका लागि लगानी सुनिश्चित भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, ईन्जिनियरिङ्ग सस्थाहरु |
| विपद् जोखिम न्यूनीकरणका कार्यक्रम तथा वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरण गर्ने । | लैङ्गिक उत्तरदायी वजेट प्रणाली अनुसरणगरी विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायहरूको संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |

| | | | | |
|---|---|---|---|---|
| सबै विषयगत तथा क्षेत्रगत निकायहरूले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई वार्षिक कार्यक्रममा समावेश गरी पर्याप्त बजेटको व्यवस्था गर्ने । | विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागी बजेटको व्यवस्था भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी |
| विकास परियोजनाको बजेटबाट विपद् पश्चात पुनः निर्माणमा उपयोग गर्ने अनुमति दिन बजेट रकमान्तरणका लागि प्रक्रिया स्थापित गर्ने । | पुनः निर्माणका लागि लगानी उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायहरूको संस्थाहरू, रेडक्रस अभियानका अंगहरु |
| कृषि बिकास रणनीतिले व्यवस्था गरे अनुसारको किसान कल्याणकारी कोषको स्थापना गर्ने । | किसान कल्याणकारी कोषको स्थापना भई किसानहरूको विपद् उत्थालशीलता बृद्धि भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायहरूको संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, कृषि सहकारी |
| समुदाय स्तरमा वातावरण-मैत्री विपद् जोखिम न्यूनीकरण (Eco- DRR), युवा-मैत्री विपद् जोखिम न्यूनीकरण (YDRR) तथा व्यवस्थापन कोषको व्यवस्था गर्ने । | वातावरण-मैत्री विपद् जोखिम न्यूनीकरणको लागि कोष उपलब्ध भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित महिला, बालबालिका तथा अन्य पिछडिएका समुदायहरूको संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, सामुदायिक वन, बालक्लब, युवाक्लब |

## ६.३ विपद् जोखिम न्युनीकरणमा निजी लगानी प्रवर्धन

व्यापार तथा उद्योगहरूमा विपद् जोखिम निर्धारणको आधारमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । निजी क्षेत्र, बैंक, सहकारी संस्था, सामुदायिक वन, सहकारी तथा सामुदायिक संस्थाहरूले विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय लगानी गर्ने सहज व्यवस्था गर्नु जरूरी छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २३: विपद् जोखिम न्यूनीकरणमा निजी लगानी वृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| साना व्यापार तथा उद्योगहरूलाई विपद्को समयमा व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन गर्न प्रोत्साहन गर्ने । | व्यवसाय निरन्तरता योजना तयार र कार्यान्वयन भै विपद्को समयमा समेत निजी व्यवसायिक क्षेत्रहरू संचालन भएका हुनेछन् । | अल्पकालिन | राजपुर गाउँपालिका स्थानिय उद्योग वाणिज्य संघ, निजी क्षेत्र | स्थानिय सहकारी, स्थानिय बैंक तथा वित्तिय संस्था |
| विपद् जोखिम न्यूनीकरणका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरू (Innovative Financial Instruments)(IFI) जस्तै पूर्वानुमानमा आधारित लगानी (Forecast Based Financing) (FbF), साना लगानी, लघु ऋण, बीमा, पुनर्बीमा आदिको विकास तथा प्रवर्धन गर्ने । | वैज्ञानिक तथ्याङ्कको आधारमा मानवीय कोष परिचालन भएको हुनेछ साथै विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका निजी बीमा कम्पनीहरु, सहकारीहरू, निजी क्षेत्र | स्थानिय सहकारी, स्थानिय बैंक तथा वित्तिय संस्था |
| विपद् प्रभावित व्यक्ति तथा समुदायहरूलाई लघुवित्त, निर्ब्याजी ऋण, ससर्त नगद स्थानान्तरण आदिको व्यवस्था स्थापित गर्ने । | विपद् प्रभावित व्यक्ति तथा समुदायहरूको विपद् पुनर्लाभ बृद्धि भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका, सहकारी, लघुवित्त संस्था | स्थानिय सहकारी, स्थानिय बैंक तथा वित्तिय संस्था, स्थानिय उद्योग वाणिज्य संघ |
| व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) कार्यक्रम मार्फत विपद् पश्चातको पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी बृद्धि गर्ने । | पुनर्लाभ र पुर्ननिर्माणमा निजी लगानी बृद्धि भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | स्थानिय सहकारी, स्थानिय बैंक तथा वित्तिय संस्था |
| स्थानीय सम्पदामा पर्ने भवन र स्थानहरूको पुर्ननिर्माणका लागि सार्वजनिक निजी स्रोत परिचालन प्रणालीको विकास गर्ने । | सम्पदा स्थानहरूको पुर्ननिर्माणका लागि सार्वजनिक निजी स्रोत उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, स्थानिय उद्योग वाणिज्य संघ |
| राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको प्रवर्धन गर्ने । | गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको प्रवर्धन भई विपद् जोखिम र न्यूनीकरणका लगानी उपलब्ध भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | स्थानिय उद्योग वाणिज्य संघ, स्थानीय बैंक तथा वित्तिय संस्थाहरु, निजी क्षेत्र, सामुदायिक वन |
| बैंक, सहकारी तथा सामुदायिक संस्थाहरू (वन उपभोक्ता समिती, दुग्ध उत्पादन सहकारी संस्था) मार्फत विपद् जोखिम न्यूनीकरणमा लगानीको लागि सहज व्यवस्था गर्ने । | विपद् जोखिम तथा क्षति कम भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | स्थानिय सामुदायिक वन उपभोक्ता समुह, सहकारी, स्थानिय बैंक तथा वित्तिय संस्था |

## ६.४ जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सूरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि

राजपुर गाउँपालिकामा कृषि तथा पशु बीमा, लघु बीमा, आकस्मिक कोष, निम्न व्याजदर ऋण योजना जस्ता जोखिम हिस्सेदारी विधीहरूको विकास गर्नु जरूरी छ । सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई विपद् उत्थानशीलतासँग जोड्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २४: जोखिम हिस्सेदारी, बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिबृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न व्यक्ति तथा समुदायको जीवन बीमाको व्यवस्था गर्ने । | विपद् संकटउन्मुख समूह र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न व्यक्ति तथा समुदायको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, बीमा कम्पनीहरू, कृषि सहकारी, नेपाल इन्स्युरेन्स संघ |
| कृषि तथा पशु बीमामा जोखिम हिस्सेदारी बहन गर्ने । | गाउँपालिकामा कृषि व्यवसायले प्रोत्साहन पाउँनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, बीमा कम्पनीहरू, कृषि सहकारीहरु, नेपाल इन्स्युरेन्स संघ |
| कृषिमा बढदो विपद् (बाढी, खडेरी, शीतलहर, वन्यजन्तु) जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सम्वोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बिउ भण्डारहरूको स्थापना गर्ने । | कृषि क्षेत्रको विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, बीमा कम्पनीहरू, कृषि सहकारीहरु, नेपाल इन्स्युरेन्स संघ |
| समुदायमा आधारित, योगदानमा आधारित लघु बीमा, पशु बीमा, खेती बीमा प्रोत्साहन गर्ने । | समुदायमा आधारित विभिन्न स्वरुपमा विपद् जोखिम बीमा योजना उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, बीमा कम्पनीहरू, कृषि सहकारीहरु |

| | | | | |
|---|---|---|---|---|
| लक्षित वर्ग, लक्षित समुदाय र लक्षित भौगोलिक क्षेत्रको समाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरूमा पहुँच र लाभग्रहणको स्थितिको समिक्षा गरी यस्तो कार्यक्रमलाई विपद् उत्थानशीलतासँग जोड्ने । | समाजिक सुरक्षा कार्यक्रम मार्फत विपद् उत्थानशीलता बृद्धि भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, बीमा कम्पनीहरू |
| सार्वजनिक भवनहरू, विद्यालय, स्वास्थ्य चौकी तथा महत्वपूर्ण पूर्वाधारहरू को विपद् जोखिम बीमा गर्ने र सो कार्यको लागि श्रोत व्यवस्था गर्ने । | विपद् जोखिम बीमा प्रभावकारी भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, बीमा कम्पनीहरू |

# अध्याय ७: प्राथमिकता प्राप्त क्षेत्र ४ (प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा “अझ राम्रो र बलियो निर्माण”का लागि विपद् पुर्वतयारीको सूदृढीकरण

# अध्याय ७: प्राथमिकता प्राप्त क्षेत्र ४ (प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुर्ननिर्माणमा “अझ राम्रो र बलियो निर्माण”का लागि विपद् पुर्वतयारीको सूदृढीकरण

यस प्राथमिकता प्राप्त क्षेत्रले विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना र पुनः निर्माणलाई समेट्दछ। पूर्वतयारी अन्तर्गत मूलरूपमा विपद् जोखिमको पूर्वानुमान, पूर्वसूचना प्रणाली, आकस्मिक तयारी योजना, आकस्मिक सामाग्रीको जोहो र भण्डारण, सुरक्षित निष्काशन र कृत्रिम पूर्व अभ्यास पर्दछन् । प्रतिकार्यले विपद्को स्थितिमा वा त्यसपछि लगत्तै आपत्कालिन सेवा र सहयोगको कामलाई समेट्दछ । मानवीय जीवनको रक्षा र थप भौतिक क्षति हुनबाट रोक्नु यसचरणको प्राथमिकतायुक्त कार्य हो । खोज, उद्दार, राहत, आपत्कालिन स्वास्थ्य सेवा, अस्थायी आश्रय, सुरक्षित पानी र सफाई तथा खानाको व्यवस्था यस समयका अन्य प्राथमिकतायुक्त कार्यहरु हुन् । आपत्कालिन चरण सकिएपछि विपद् प्रभावित सेवा र सुविधाहरूमा सुधार र सामान्यीकरण, आय आर्जन र जीविकोपार्जन जस्ता पुनर्लाभका कार्यहरू गर्नु पर्दछ। जनचेतनाको व्यापक अभिवृद्धि, सवल योजना, संस्थागत सुदृढिकरण र समन्वयद्वारा पुन:स्थापना र पुनः निर्माणका काम मार्फत “अझ राम्रो र बलियो निर्माण” अभियान पनि यही चरणमा शुरू हुन्छ।

बहु-प्रकोप पूर्वसूचना प्रणालीहरू विपद् पूर्वतयारी प्रबर्धनमा अत्यन्त प्रभावकारी देखिएका छन्। पूर्वसूचना प्रणाली कार्यान्वयनका लागि सम्भावित विपद् घटनाहरूबाट पर्न सक्ने प्रभावको बारेमा पर्याप्त समय अगावै पूर्वसूचना उपलब्ध हुने संस्थागत व्यवस्था गर्नु आवश्यक छ । हालैका बाढीका घटनाहरूबाट बाढीग्रस्त राप्ती नदी जलाधारका साथै खंग्री नदी, गुरुङ्ग खोला पाटुली खोला, रसरी खोला, फोरी खोला करङ्गा खोला, बमहन्ती खोला, खंग्रा नदी, हरैया खोला, रीउ खोला, दङ्गमारा नाका, सोन प्रथी नाका, गोथुवा, भंसाही खोला, भैंसेही खोलाहरूमा जनधनको क्षति कम गर्न बाढी पूर्वसूचना प्रणालीले पुऱ्याएका फाईदाहरूले यसको प्रभावकारितालाई पुष्टि गरेको छ। बाढी पूर्व सूचना प्रणालीमा वर्तमान अनुभवलाई अन्य स्थानिय साना नदी उपजलाधारहरू खंग्री नदी, गुरुङ्ग खोला पाटुली खोला, रसरी खोला, फोरी खोला करङ्गा खोला, बमहन्ती खोला, खंग्रा नदी, हरैया खोला, रीउ खोला, दङ्गमारा नाका, सोन प्रथी नाका,

गोथुवा, भंसाही खोला, भैंसेही खोलामा विस्तार गर्नु आवश्यक छ । यसका लागि बहु-प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणालीमा लगानी, यसको विकास, सञ्चालन र सुदृढीकरण गर्नु आवश्यक हुन्छ ।

राजपुर गाउँपालिकामा सामाजिक तथा सांस्कृतिक आवश्यकताहरू, विशेष रूपमा महिला, वृद्धवृद्धा र बालबालिकाहरू सहित उपभोक्ताहरूको आवश्यकता अनुरूप जोखिम आँकलनबाट प्राप्त जानकारीको उपयोग गर्दै सहभागितामुलक प्रक्रिया मार्फत बहु-प्रकोप पूर्वसूचना प्रणाली विकास गर्नु आवश्यक छ । यसका लागि वेब पोर्टल र मोबाइल एप पनि विकास गर्न सकिन्छ ।

विपद् पूर्वतयारी बढाउन तथा पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि यस प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत निम्न बमोजिमका प्राथमिकता प्राप्त कार्यहरू निर्धारण गरीएका छन् ।

क) प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

ख) विपद् पूर्वतयारीको लागि बहुप्रकोप पूर्व सूचना प्रणालीको विकास

ग) समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन

घ) विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण

ङ) खोज तथा उद्धारको क्षमता अभिवृद्धि

च) पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्धन

## ७.१ प्रभावकारी प्रतिकार्यका लागि विपद् पुर्वतयारीको सूदृढीकरण

विपद् पूर्वतयारीका लागि स्थानीय तहको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकता छ । राजपुर गाउँपालिकामा विद्यमान आपत्कालिन कार्य संचालन केन्द्रहरूलाई सुदृढीकरण गरी संचालन गर्नु जरूरी छ । स्थानीय समुदायमा भण्डारण गृहहरू स्थापना गरी पर्याप्त मात्रामा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामाग्रीहरू र उद्धार उपकरणहरूको भण्डारण गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २५: प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| गाउँपालिकाको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गरी तिनको कार्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनले प्राथमिकता पाउने कुराको प्रत्याभूति गर्ने । | स्थानीय तहमा संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि भै प्रभावकारी विपद् व्यवस्थापन भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार |
| जिल्ला विपद् प्रतिकार्य बमोजिमको एकद्वार प्रणाली अवलम्बन गरी स्थानिय विपद् प्रतिकार्य विकास गरी लागू गर्ने । | एकीकृत स्थानिय विपद् प्रतिकार्यले विपद् प्रतिकार्यमा राष्ट्रियव्यापी रूपमा एकरूपता कायम भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| राजपुर गाउँपालिकामा आपत्कालिन कार्य संचालन केन्द्र स्थापना र सुदृढीकरण गर्ने । | आपत्कालिन कार्य संचालन केन्द्रहरू स्थापना भै प्रभावकारी आपत्कालिन प्रतिकार्य भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| प्रत्येक सार्वजनिक, सरकारी र व्यावसायिक भवनमा निकासी मार्ग (Evacuation Route) र भेला हुने स्थान (Area of Assembly) छुट्याई रेखाङ्कन र सिमाङ्कन गर्ने । | सार्वजनिक भवन तथा स्थलहरू विपद् प्रतिकार्यका लागि पुर्वतयार भएका हुनेछन् । | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| पूर्वानुमानमा आधारित आपत्कालिन पूर्वतयारी तथा प्रतिकार्यका लागि स्थानिय विपद् प्रतिकार्य कार्यसंरचना र स्थानिय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने । | पूर्वानुमानमा आधारित आपत्कालिन पूर्वतयारीको लागि कार्य संचालन विधी अद्यावधिक भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| सबै वडाहरूमा पर्याप्त मात्रामा मानव तथा पशुपन्छी आश्रयस्थलहरू पहिचान तथा स्थापना गर्ने । | सबै वडाहरूमा विपदको समयमा आश्रयको निम्ति सुरक्षित स्थानहरू उपलब्ध भएका हुनेछन् । | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, जिल्ला दैवी प्रकोप उद्धार समिति |

Formatted: Highlight

Formatted: Highlight

Formatted: Highlight

Formatted: Highlight

| | | | | |
|---|---|---|---|---|
| गाउँपालिकामा आपत्कालिन संचार प्रणालीको स्थापना गर्ने । | गाउँपालिका बाहिरका संयन्त्रहरुसंग सहकार्य बढ्नेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| गाउँपालिकामा घाईते हेरविचार केन्द्र (Trauma Care Centre) स्थापना गर्ने । | घाईते उपचारका लागि पर्याप्त सुविधा उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार |
| गाउँपालिकामा खाद्यान्न, पानी, औषधी तथा अन्य राहत सामग्रीहरू र उद्धार उपकरणहरूको गोदाम घर वा भण्डारण गृह स्थापना गर्ने । | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरूमा राहत तथा उद्धार सामग्रीहरूको भण्डारण गृह उपलब्ध भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| गाउँपालिकाका भण्डारण गृहहरूमा आपत्कालिन उद्धार सामाग्रीहरू तथा उपकरणहरू (डुङ्गा, लाइफ ज्याकेट, दमकल, एम्बुलेन्स, स्ट्रेचर आदि) सहित पेय तथा खाद्य सामाग्रीहरू, बीउबिजन, पशुपन्छीका दानाहरू पर्याप्त मात्रामा भण्डारण गर्ने । | विपद् संवेदनशील महत्वपूर्ण स्थानहरूमा राहत तथा उद्धार सामग्रीहरू उपलब्ध भएका हुनेछन् । | दीर्घकालिन | राजपुर गाउँपालिका | सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| गाउँपालिकाका भण्डारण गृहहरूमा महिला, सुत्केरी, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग तथा बिरामीहरूका लागि आवश्यक पर्ने विशेष खाद्यान्न, औषधि, सरसफाईका सामान तथा सहायक उपकरणहरू पर्याप्त मात्रामा भण्डारण गर्ने । | आपत्कालिन समयमा संकटउन्मुख समूहको विशेष आवश्यकता सम्बोधन भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने । | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी |

## ७.२ विपद् पुर्वतयारीको लागि बहुप्रकोप पुर्व सुचना प्रणालीको विकास

विद्यमान पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको सुदृढीकरण र प्रमुख प्रकोपहरूका लागि पूर्वसूचना प्रणाली स्थापना भएको अवस्थामा प्रमुख प्रकोपहरूको पूर्वानुमानका लागि सम्बन्धित संगठन र संस्थाहरूको क्षमता

अभिबृद्धि गर्नु जरूरी छ। पूर्वसूचना सन्देश प्राप्त भइसकपछि चाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ । पूर्वसूचना प्रणाली सञ्चालनका लागि कार्य सञ्चालन विधी तयार गरी विभिन्न निकायहरूको भूमिका तथा जिम्मेवारीको बारेमा स्पष्ट पार्नु पर्ने आवश्यकता छ। यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन्।

**तालिका २६: विपद् पूर्वतयारीको लागि बहु-प्रकोप पूर्व सूचना प्रणालीको विकास गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक कियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| हाल सञ्चालनमा रहेका बाढी पूर्वसूचना प्रणालीहरूलाई अद्यावधिक र स्तरोन्नति गर्ने । | विद्यमान पूर्वसूचना प्रणालीहरू सुधार भएका हुनेछन् । | निरन्तर | राजपुर गाउँपालिका | जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, प्राक्टिकल एक्सन |
| प्रमुख प्रकोपहरूको तथ्याङ्क विश्लेषण र पूर्वानुमान गरी पूर्वसूचनामूलक सन्देशहरूको उत्पादन तथा प्रसारण गर्ने । | पूर्वसूचनामूलक सन्देशहरू उत्पादन तथा प्रसारण भएका हुनेछन् । | निरन्तर | राजपुर गाउँपालिका | प्रदेश सरकार, स्वास्थ्य आपत्कालिन कार्यसंचालन केन्द्र |
| हरेक सडक सञ्जालका दुर्घटनाग्रस्त खण्डमा पूर्व सूचना प्रणालीको लागि आवश्यक चिन्हहरु तथा उपकरणहरु राख्ने । | दुर्घटनाग्रस्त सडकहरुमा पूर्व सूचनाको लागी आवश्यक चिन्हहरु तथा उपकरणहरु भएको हुनेछ । | निरन्तर | राजपुर गाउँपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, प्रदेश सरकार, सडक विभाग |
| पूर्वसूचना सन्देश प्राप्त भइसकेपछि विभिन्न प्रकारका प्रकोपहरूका सम्बन्धमा चाल्नु पर्ने कदमहरू बारे चेतनामूलक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | पूर्वसूचना सन्देश प्राप्त भइ सके पछि उपयुक्त कार्यहरु गरीने सुनिश्चित भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण(NDRRMA), प्रदेश सरकार, गैरसरकारी संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, जिल्ला दैवी प्रकोप उद्धार समिति, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| ज्येष्ठ नागरीक र आदिवासीहरूको वर्षौ देखिको ज्ञान, सीप, अनुभव र परम्परागत अभ्यासलाई पूर्वसूचना प्रणालीमा सदुपयोग गर्ने । | पूर्वसूचना प्रणालीमा मौलिक ज्ञान र अनुभव समेटिएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, शैक्षिक संस्थाहरू, तालीम केन्द्रहरू, विकास साझेदारहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| पूर्वसूचना प्रणालीलाई विपद् जोखिम व्यवस्थापन सम्बन्धि तालीम तथा स्थानिय शैक्षिक | पूर्वसूचना प्रणालीका बारेमा अध्ययन अध्यापन भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, विश्वविद्यालयहरू, शैक्षिक |



Formatted: Highlight

Formatted: Highlight

| | | | | |
|---|---|---|---|---|
| कार्यक्रमको पाठ्यक्रममा समावेश गर्न पहल गर्ने । | | | | संस्थाहरू, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| सबै सार्वजनिक भवनहरू, विद्यालयहरू, अस्पतालहरू तथा महत्वपूर्ण पूर्वाधारहरूमा धुँवा डिटेक्टर र आगलागी अलार्मको विकास र जडान गर्ने । | आगलागीको पूर्वसूचनाले क्षति कम भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | विद्यालय, अस्पतालहरु, अनुसन्धान केन्द्रहरु, गैरसरकारी संस्थाहरू, रेडक्रस अभियानका अंगहरु, विकास साझेदारहरु |
| संकटउन्मुख लक्षित समुदायहरू (महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, आदिवासी, दलित, विपन्न) को लागि पूर्वसूचना प्रणाली बारे जानकारीमूलक सामाग्रीहरूको (पुस्तिका, पर्चा, सूचनापत्र, विद्युतीय सन्देश इत्यादि) तयारी गर्ने । | लक्षित समुदायहरू पूर्वसूचना प्रणाली बारे जानकार भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, जल तथा मौसम विज्ञान विभाग, विश्व विद्यालयहरु, अनुसन्धान केन्द्रहरु, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदारहरु, सामुदायिक वनहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| कार्यशाला, गोष्ठी, अध्ययन भ्रमणहरू र कार्यक्रमहरूको सञ्चालन गर्ने । | पूर्वसूचना प्रणालीबारे सचेतना बृद्धि भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | सहकारी संस्थाहरु, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदारहरु, सामुदायिक वनहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| पूर्वसूचना प्रचारप्रसार तथा प्रतिकार्यको प्रभावकारिता सम्बन्धमा नियमित परीक्षण तथा अभ्यासहरू सञ्चालन गर्ने । | पूर्वसूचना प्रचार प्रसार तथा प्रतिकार्यको प्रभावकारिता परीक्षण भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, विकास साझेदारहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |

## ७.३ समुदायमा आधारित विपद् जोखिम न्युनीकरण प्रवर्धन

प्रभावकारी विपद् पूर्वतयारी र प्रतिकार्यका लागि विपद् जोखिम, प्रकोप र संकाटउन्मुखताको बारेमा समुदायमा काम गर्ने, सचेतना बढाउने, समुदायलाई हरदम सुसूचित राख्ने र परिचालन गर्न सक्ने समुदायमा आधारित संस्थागत संरचनाहरूको स्थापना, विस्तार र त्यसको सञ्जाल निर्माण गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २७: समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण प्रवर्धन गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार | सहयोगी निकाय |
|---|---|---|---|---|

Formatted: Highlight

Formatted: Highlight

Formatted: Highlight

Formatted: Highlight

| | | | | |
|---|---|---|---|---|
| | | | निकाय | |
| विद्यमान समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । | विपद् जोखिम न्यूनीकरणमा समुदायहरू सशक्तिकरण भएका हुनेछन् । | अल्पकालिन | राजपुर गाउँपालिका | जिल्ला तथा स्थानिय विपद् व्यवस्थापन समिति, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, जिल्ला दैवी प्रकोप उद्धार समिति |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूको सञ्जाल विकास गर्ने । | समुदायमा आधारित संस्थाहरूको विस्तार र सञ्जाल विकास भई प्रभावकारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | जिल्ला तथा स्थानिय विपद् व्यवस्थापन समिति, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| स्थानीय विपद् प्रतिकार्य र खोज तथा उद्धार टोलीको गठन गर्ने । | स्थानीय खोज तथा उद्धार कार्य प्रभावकारी भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | जिल्ला तथा स्थानिय विपद् व्यवस्थापन समिति, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार, चासो र सहभागिताको प्रत्याभूतिका लागि समुदायमा आधारित समूहहरू (टोल विकास संस्था, आमा समूह, युवा क्लव, बाल क्लव), स्थानीय गैरसरकारी संस्थाहरू र नागरीक समूहहरू (ज्येष्ठ नागरीक) सँग साझेदारीको विकास गर्न गाउँपालिका र गैरसरकारी संस्था बीच सहकार्यको लागि निर्देशिका बनाई लागू गर्ने । | स्थानीय निकाय र स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था बीचको साझेदारीमा विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार र चासो सम्बोधन भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जिल्ला तथा स्थानिय विपद् व्यवस्थापन समिति, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| समुदायमा आधारित, तालिम प्राप्त, पूर्व अभ्यासशील स्वयंसेवकहरूको प्रथम उद्धारक (First Responder) संयन्त्रको विकास र क्षमता अभिवृद्धि गर्ने । | समुदायमा तालिम प्राप्त प्रथम उद्धारक स्वयंसेवकहरू उपलब्ध भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | जिल्ला तथा स्थानिय विपद् व्यवस्थापन समिति, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

**Formatted:** Highlight

**Formatted:** Highlight

| | | | | |
|---|---|---|---|---|
| विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरूका कार्यक्रम र नीति निर्माणमा महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र संकटउन्मुख समुदायको पहुँच, प्रतिनिधित्व र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने । | समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समावेशी भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जिल्ला तथा स्थानिय विपद् व्यवस्थापन समिति, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी |
| अनुगमन तथा मूल्याङ्कन योजना र कार्यविधि तयार गर्ने । | विपद् जोखिम व्यवस्थापनमा उत्तरदायित्व स्थापित भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जिल्ला तथा स्थानिय विपद् व्यवस्थापन समिति, गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी |

## ७.४ विपद् पुर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सूदृढीकरण

विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरणको लागि गाउँपालिकामा कार्य थालनी भएको छ । विपद् सूचनामा सबै पहुँच बृद्धि गर्न विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्नु पर्ने आवश्यकता छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका २८: विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरण गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| सामुदायिक सूचना केन्द्रहरू स्थापना गर्ने । | विपद् जोखिम बारे समुदाय सुसूचित भएका हुनेछन् । | अल्पकालिन | राजपुर गाउँपालिका | गैर सरकारी संस्थाहरू नेपाल रेडक्रस सोसाइटी, प्राक्टिकल एक्सन |
| दुरसंचारका संकेत नदिने स्थानहरुमा टावर थप गर्न पहल गर्ने । | दुरसंचारको सुविधा स्तरबृद्धि हुनेछ | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाल दुरसंचार तथा अन्य संचार कम्पनिहरु |
| आमसंचार र आधुनिक सूचना प्रविधि (मुद्रण, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, एसएमएस, मोवाइल फोन) लाई विपद् जोखिम सचेतना अभिवृद्धि र पूर्वसूचना प्रणाली मध्ये कम्तिमा एक वा एक भन्दा बढिसंगको पहुँच सुनिश्चित गर्ने । | विपद् जोखिम जानकारी र पूर्वसूचना प्रणालीमा आमसंचार र आधुनिक सूचना प्रविधिको प्रभावकारी प्रयोग भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | स्थानिय एफएम रेडियोहरू, टेलिभिजन, दुरसंचार कम्पनीहरु, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| आवश्यकता र उपयुक्तता अनुसार संचार तथा प्रसार विधि (जस्तै रेडियो, टिभी, फोन, एसएमएस, साईरन, आवाज, सूचना वाहक, झण्डोत्तोलन) अनुसरण गर्ने । | स्थानीय स्तरमा प्रभावकारी संचार तथा प्रसार भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | सामाजिक संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| संकटउन्मुख समूह (निरक्षर, दृष्टि विहीन, बहिरा)का लागि विशेष प्रकारको संचार तथा प्रसार विधि अनुसरण गर्ने । | विपद् सूचनामा संकटउन्मुख समूहको पहुँच बृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | सामाजिक संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |
| विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि संचार तथा प्रसार प्रणालीको प्रभावकारीता बढाउन आधुनिक विज्ञान तथा प्रविधि (Web Portal, Mobile Apps, SMS-CB, IVR) को उपयोग र प्रवर्धन गर्ने । | उन्नत संचार तथा प्रसार प्रणाली उपलब्ध तथा प्रयोग भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जल तथा मौसम विज्ञान विभाग, आपत्कालिन कार्यसंचालन केन्द्र, संचार कम्पनिहरु, नेपाल रेडक्रस सोसाइटी, गैर सरकारी संस्थाहरू |

## ७.५ खोज तथा उद्धारको क्षमता अभिवृद्धि

स्थानीय विपद् व्यवस्थापनमा समुदायमै रहेका सदस्यहरुको संगठन, खोज तथा उद्धारको लागि सबैभन्दा प्राथमिक रहन्छ । विपद्को अवस्था हेरी समुदाय भन्दा बाहिरको निकायसंगको सहकार्य पनि अपरिहार्य रहेको हुन्छ ।

**तालिका २९: खोज तथा उद्धारको क्षमता अभिवृद्धि गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक क्रियाकलाप**

| रणनीतिक क्रियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| स्थानीय आपत्कालिन कार्य संचालन केन्द्रहरूको कार्य संचालन विधी तयार गर्ने र स्थानीय स्तरमा नीति निर्माता र पेशाकर्मीहरूलाई अभिमुखीकरण गर्ने । | आपत्कालिन कार्य संचालन केन्द्रहरूको कार्य संचालनका लागि कार्यविधी उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| आपकालीन कार्यसञ्चालन केन्द्रको (EOC) क्षमता अभिवृद्धि गर्ने । | आपत्कालिन कार्य संचालन केन्द्रहरूको क्षमता अभिवृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| सम्पूर्ण सरोकारवालाहरूको | विपद् पूर्वतयारी तथा | अल्पकालिन | राजपुर | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय |

| | | | | |
|---|---|---|---|---|
| सहभागितामा प्रत्येक बर्ष मनसुन अगाडी विपद् पूर्वतयारी कार्यशाला र मनसुन पछि समीक्षा गोष्ठी गर्ने । | प्रतिकार्यको परिक्षण भएको हुनेछ । | | गाउँपालिका | गैरसरकारी संस्थाहरू, विकास साझेदार, समुदायमा आधारित संघ संस्था, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| राहत संकलन र परिचालनमा दोहोरोपना आउँन नदिन कार्यविधी बनाई एकद्वार प्रणाली अवलम्बन गर्ने । | विपद् प्रतिकार्यमा एकरूपता तथा पारदर्शिता भएको हुनेछ र दोहोरोपना हट्नेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदार, समुदायमा आधारित संघ संस्था, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| समुदायमा आधारित खोज र उद्धार टोली स्थापना गर्ने । | स्थानीय तहमा खोज र उद्धार टोली स्थापना भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदार, समुदायमा आधारित संघ संस्था, सुरक्षा बलहरु, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी |
| वडा स्तरमा तालिम प्राप्त प्रथम उद्धारकहरू (First Responders) तयार गर्ने । | वडा तहमा प्रथम उद्धारकहरूको टोली स्थापना भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| प्रमुख राजमार्ग, शहरी तथा ग्रामीण सडकहरु सगै रहेका एम्बुलेन्स सेवाहरुको सञ्जाल बनाउने । | विपदको समयमा एम्बुलेन्स सेवा सहज उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी |
| सडक दुर्घटनाको उपचारमा प्रत्येक स्तर (प्राथमिक, माध्यमिक र उच्च) का स्वास्थ्य कर्मीहरुलाई दक्षता बृद्धिको लागि तालिम प्रदान गर्ने । | सडक दुर्घटनाको उपचारमा स्वास्थ्य कर्मीहरुको क्षमता अभिबृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी |
| गाउँपालिकामा हल्का र मध्यम खोज र उद्धार टोलीको स्थापना गरी क्षमता अभिबृद्धि गर्ने । | गाउँपालिकाका खोज र उद्धार टोलीहरु सक्षम भएका हुनेछन् । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | आधारित संघ संस्थाहरू, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरीका गाउँपालिका स्तरिय इकाईहरूमा खोज र उद्धार टोली स्थापना गरी आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्था गर्ने । | सशस्त्र प्रहरी वल, नेपाली सेना र नेपाल प्रहरी खोज र उद्धारको लागि सक्षम भएका हुनेछन् । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्थाहरू, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| स्थानिय खोज र उद्धार (SAR) टोलीको एकीकृत नेतृत्व स्थापित गर्ने | खोज र उद्दारको एकीकृत नेतृत्व स्थापित भएको हुनेछ | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| प्रथम उद्धारकहरू तथा स्थानिय विपद् व्यवस्थापन समितिहरुलाई प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment IRA), बहुक्षेत्रगत प्रारम्भिक द्रुत लेखाजोखा (Multi Sector Initial Rapid Assessment MIRA) सम्बन्धि तालिम प्रदान गर्ने | मानवीय सहायता गुणस्तरिय भएको हुनेछ | अल्पकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद्बाट प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा स्पेयर (Sphere) अवधारणा अन्तर्गतका आधारभूत मानवीय मापदण्ड (Core Humanitarian Standard) जस्तै खानेपानी सरसफाई तथा स्वास्थ्य प्रबर्धन, खाद्य सुरक्षा तथा पोषण, आवास तथा बस्ति, स्वास्थ्यको अनुसरण गर्ने, गराउने | मानवीय सहायता गुणस्तरिय भएको हुनेछ | अल्पकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| आधुनिक सूचना प्रविधिको प्रयोग गरी विपद् हानि र क्षतिको द्रुत आँकलन विधी विकास गर्ने र विपद् क्षतिको छुट्टाछुट्टै | द्रुत आँकलन विधी प्रयोग भै आपत्कालिन प्रतिकार्य कुशल र प्रभावकारी भएको हुनेछ | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, |

| | | | | |
|---|---|---|---|---|
| (Disaggregated) तथ्याङ्क संकलन गर्ने । | । | | | नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद् पश्चात आपत्कालिन रूपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्ने । | विपद पश्चात शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको आपत्कालिन व्यवस्था भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| विपद्पश्चात सरकारी तथा गैरसरकारी क्षेत्रहरूबाट प्रदान गरीने राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा संकटउन्मुख र सिमान्तकृत वर्गको प्राथमिकता र पहुँचमा बृद्धि सुनिश्चित गर्ने । | राहत, उद्धार र पुनर्स्थापनाका सेवा सुविधाहरूमा सिमान्तकृत वर्गको पहुँच भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाली सेना, सशस्त्र प्रहरी वल, नेपाल प्रहरी, राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| ~~गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने ।~~ | ~~विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना उपलब्ध भएको हुनेछ ।~~ | ~~अल्पकालिन~~ | ~~राजपुर गाउँपालिका~~ | ~~राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्थाहरू, नेपाल रेडक्रस सोसाइटी~~ |
| विभिन्न तह (वडा, समुदाय) तथा क्षेत्र (विद्यालय, अस्पताल) मा प्रभावकारी पूर्वतयारी तथा प्रतिकार्यका लागि नियमित रूपमा कृत्रिम घटना अभ्यास गर्ने । | कृत्रिम घटना अभ्यास भै पूर्वतयारी तथा प्रतिकार्य प्रभावकारी भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| आगलागी नियन्त्रण क्षमता अभिवृद्धि गर्न एकीकृत अग्नी नियन्त्रक समूह खडा गरी श्रोत, साधन र तालिम मार्फत क्षमता अभिवृद्धि गर्ने । | आगलागी नियन्त्रण क्षमता अभिवृद्धि भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | सुरक्षा वलहरु, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |

Formatted: Highlight

| | | | | |
|---|---|---|---|---|
| सबै वडामा खोज तथा उद्धार र प्रतिकार्यका लागि तालिम प्राप्त जनशक्ति तयार गर्ने । | सबै तहमा प्रभावकारी खोज तथा उद्धार र प्रतिकार्य भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | सुरक्षा वलहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू |
| विपद् पश्चात आवश्यक सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धन गर्न तालिम प्राप्त र दक्ष मानवीय श्रोतको विकास गर्ने । | सामाजिक परामर्श र मानसिक स्वास्थ्यको प्रवर्धनको लागि दक्ष मानवीय श्रोत उपलब्ध भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, राजनीतिक दल, बाल क्लब, युवा क्लब, मनोविज्ञान केन्द्रीय विभाग, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| महिला, बालबालिका, बृद्धबृद्धा र अपाङ्ग व्यक्तिहरूको खोज, उद्धार र प्रतिकार्यको क्रममा सुरक्षा र अन्य आवश्यकताहरूको लागि विशेष व्यवस्था गर्ने । | विपदको समयमा संकटउन्मुख समूहको सुरक्षा भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | सुरक्षा वलहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |
| सामुदायिक संस्थाहरू (बाल क्लब, युवा क्लब, आमा समूह, वन उपभोक्ता समिती आदि) को विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता अभिबृद्धि गर्ने । | सामुदायिक संस्थाहरूको विपद प्रतिकार्य क्षमता विकास भएको हुनेछ । | दीर्घकालिन | राजपुर गाउँपालिका | सुरक्षा वलहरु, नेपाल रेडक्रस सोसाईटी, गैर सरकारी संस्थाहरू, मानवीय सहयोग संस्थाहरू, राजनीतिक दल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र |

## ७.६ पुनर्लाभ, पुन:स्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” अवधारणा प्रवर्धन

विपद् पश्चात अझ राम्रो र बलियो निर्माणको सम्भावनालाई चरितार्थ गर्न पुनः निर्माण र पुनः स्थापनाका लागि स्तरीय निर्माण सामाग्रीको आपूर्ति गर्ने र निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउने संस्कृतिको विकास गर्नु पर्नेछ । निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरूको क्षमता अभिबृद्धि गर्नु आवश्यक छ । विपद् जोखिमको आधारमा जमिनको वर्गिकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाउनु जरूरी छ । “अझ राम्रो र बलियो निर्माण” का लागि आधुनिक प्रविधि सम्बन्धि अनुसन्धान र विकास गर्नु आवश्यक छ । यसका लागि निम्न रणनीतिक क्रियाकलापहरू निर्धारण गरीएका छन् ।

**तालिका ३०: पुनर्लाभ, पुन:स्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” अवधारणा प्रवर्धन गर्न राजपुर गाउँपालिकाले अघि सारेको रणनीतिक कियाकलाप**

| रणनीतिक कियाकलाप | अपेक्षित परिणाम | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| विपद् प्रभावित परिवारको पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि पुनर्वास निर्देशिका तयार पारी कार्यान्वयन गर्ने । | पुनर्वास र पूर्वाधारको पुनर्स्थापनाका लागि निर्देशिका तयार भई कार्यान्वयन भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था, विश्वविद्यालय, विशेषज्ञ परामर्शदाता |
| पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” का लागि निर्देशिका तयार गर्ने । | “अझ राम्रो र बलियो निर्माण” का लागि निर्देशिका उपलब्ध भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था, विशेषज्ञ परामर्शदाता |
| पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई समावेस गर्ने । | भविष्यमा विपद् जोखिम कम भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था, विशेषज्ञ परामर्शदाता |
| पुनःस्थापना र पुनः निर्माणमा स्थानीय श्रोत, साधन, श्रम, प्रविधि, ज्ञान तथा सीपको विकास र उपयोग गर्ने । | पुनःस्थापना र पुनःनिर्माण मितव्ययी तथा दिगो भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था, ईन्जिनियरिङ्ग अध्ययन संस्थान |
| ठूला विपद्पछि पुनर्निर्माणको कार्यलाई प्रकोप प्रतिरोधक र अझ बलियो बनाउन नीतिगत र संस्थागत संरचनाको व्यवस्था गर्ने । | पुनर्निर्माण अझ बलियो बनाउन नीतिगत र संस्थागत व्यवस्था भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था |
| विपद् प्रभावित क्षेत्रमा भौतिक पूर्वाधार जस्तै बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भार गर्दा महिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन गर्ने । | बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिमहिला, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिहरू र बालबालिकाको विशेष आवश्यकताको सम्बोधन भएको हुनेछ । | अल्पकालिन | राजपुर गाउँपालिका | नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरु, स्थानीय मिडियाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था |
| भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा तालिम पुस्तिका र जानकारी, शिक्षा तथा संचार (Information, Education and Communication) का सामग्रीको विकास र वितरण गर्ने । | भवन निर्माण, प्रवलीकरण र मर्मतसम्भारका बारेमा क्षमता सामग्रीको विकास र वितरण भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका, स्थानीय निर्माण व्यवसायी | स्थानीय मिडियाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान |
| विपद् जोखिम न्यूनीकरण र पुनर्निर्माणमा “अझ राम्रो र बलियो निर्माण” तथा जलवायु परिवर्तन | नयाँ सुधारिएको प्रविधिको बिकासले “अझ राम्रो र बलियो | मध्यकालिन | राजपुर गाउँपालिका, स्थानीय | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा |

| | | | | |
|---|---|---|---|---|
| अनुकूलनका लागि निर्माण प्रविधि, सामाग्री, पूर्वाधारहरूको डिजाइन र व्यवस्थापन सम्वन्धी अनुसन्धान तथा विकास गर्ने । | निर्माण" भएको हुनेछ । | | निर्माण व्यवसायी | आधारित संघ संस्था, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान |
| प्रकोप प्रतिरोधी झनै राम्रो पुनर्निर्माणका लागि ईन्जिनियर, निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्ताको तालिम र मार्फत क्षमता अभिबृद्धि गर्ने चेतनामूलक कार्यक्रम गर्ने । | झनै राम्रो पुनर्निर्माणका लागि क्षमता अभिबृद्धि भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका, तथा यहाँका स्थानीय निर्माण व्यवसायी | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था, विश्वविद्यालय, ईन्जिनियरिङ्ग अध्ययन संस्थान |
| जङ्गली जनावर तथा विषालु सर्पसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | जङ्गली जनावर तथा विषालु सर्पसम्बन्धी जनचेतना बृद्धि भएको हुनेछ । | मध्यकालिन | राजपुर गाउँपालिका | जिल्ला वन कार्यालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, सामुदायिक वन |
| पुनः निर्माणमा भूकम्प, बाढी तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधि अवलम्बन गर्ने । | संरचनाहरू प्राकृतिक प्रकोप प्रतिरोधी भएको हुनेछ | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था, विकास साझेदारहरु |
| पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण" तथा हरित विकासको सिद्धान्त अवलम्बन गर्ने । | पुनः निर्माण गरीएका संरचनाहरू अझ बलियो र वातावरणमैत्री भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था, विकास साझेदारहरु |
| पुनः निर्माणमा "अझ राम्रो र बलियो निर्माण"मा जैविक विविधता स्रोत विकास केन्द्र स्थापना गर्ने । | जैविक विविधता स्रोत विकास केन्द्र स्थापना भएको हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, समुदायमा आधारित संघ संस्था, विकास साझेदारहरु |
| पूर्वाधार र भवनहरूको पुनर्निर्माणमा निर्माण संहिताको पालना गराउने र निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने, यसका लागि संयुक्त अनुगमनको व्यवस्था मिलाउने । | पुनः निर्माण गरीएका संरचनाहरू अझ बलियो भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, विकास साझेदारहरु, समुदायमा आधारित संघ संस्था |
| आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई कम जोखिम क्षेत्रमा पुनर्वास गराउँने । | पुनर्वास गरीएका बस्तीहरू विपद् जोखिम बाट सुरक्षित भएका हुनेछन् । | मध्यकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, सामुदायिक वन |
| उच्च जोखिम क्षेत्रका बस्तीहरू कम जोखिम क्षेत्रमा सार्ने । | उच्च जोखिम क्षेत्रका बस्तीहरू विपद् जोखिम बाट सुरक्षित भएका हुनेछन् । | दीर्घकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल रेडक्रस सोसाईटी, राजनीतिक दल, सामुदायिक वन |
| पुनर्निर्माण गर्दा भौतिक पूर्वाधारहरूको योजना सहित | योजनाबद्ध बस्ती विकासले अझ राम्रो | दीर्घकालिन | राजपुर गाउँपालिका | संघीय सरकार, प्रदेश सरकार |

| | | | | |
|---|---|---|---|---|
| निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)(GLDP) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)(LPP) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)(SSP) विकास गर्ने । | पुनर्निर्माण भएको हुनेछ । | | | |

नोटः माथि उल्लेखित सरकारी कार्यलयहरुको नाम नेपाल सरकारको निर्णय अनुसार स्वतः परिवर्तन हुने छन् ।

# अध्याय ८: रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

# अध्याय ८: रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि वित्तीय व्यवस्था

यस रणनीतिक कार्ययोजनाको प्रभावकारी तथा दक्षतापूर्ण कार्यान्वयनका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था निम्न प्रकारले गरीनेछ ।

१) औपचारिक श्रोत बाँडफाँड प्रक्रिया

क) गाउँपालिकाको विषयगत नियमित बजेट ।
ख) गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आयोजनाहरू वा कार्यक्रमको लागि बजेट ।
ग) प्रमुख विपद् घटनापछि अन्य आयोजनाको बजेटबाट सोहि विषयगत क्षेत्रको लागि पुनर्लाभ र पुर्ननिर्माणमा उपयोग गर्ने गरी "बजेट रकमान्तर" गर्ने व्यवस्था ।
घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा उपलब्धिमा आधारित अनुदान

२) नियामक प्रक्रियाबाट प्राप्त श्रोत

क) निर्माण नियमहरू, निर्माण संहिता र निर्माण उद्योग, कलकारखानाका लाइसेन्सका शर्तहरू
ख) खरिद सम्झौताका शर्तहरू
ग) सार्वजनिक सूचना अभियानमा प्राप्त विज्ञापन शुल्क
घ) बीमा, बैंकिङ्ग कारोबार र कर्जाका शर्तहरू
ङ) सम्पत्तिको मूल्याङ्कन र खरिद विक्री दस्तुर
च) प्राकृतिक श्रोतसाधनहरू (वन, जंगल, जल उपयोग, गिटी, बालुवा, खानी आदि) बाट प्राप्त रोयल्टी

३) स्थानीय तथा सामुदायिक तहमा समर्पित "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष" निजी संस्थाहरू, स्थानीय उद्योग वाणिज्य संघ, सहकारी, बैंक, वित्तीय संस्था तथा वीमा कम्पनीहरूको लगानी

४) विकास साझेदारहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू अन्तर सरकारी संगठनहरूको सहायता तथा दातृनिकायहरूबाट सहयोग (जस्तै अमेरिकी अन्तर्राष्ट्रिय विकास सहयोग नियोग,

युएसएआईडी, प्राक्टिकल एक्सन एवं नेपाल रेडक्रस सोसाईटी, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD))

५) बीमा सुविधाहरूको व्यापक कवरेज र पहुँचमा सहजताका साथै विपद् पश्चातको दावीहरूको द्रुत फर्छ्यौट

६) भवन निर्माण संहिताको पालना र अझ राम्रो निर्माण तथा हरित विकास अवधारणामा आधारित प्रवलीकरणका लागि कर प्रोत्साहन

७) व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) र अन्य पहलहरू मार्फत निजी क्षेत्रबाट सहायता

# अध्याय ९: रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनूगमन, समीक्षा र संशोधन

# अध्याय ९: रणनीतिक कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र संशोधन

विपद् जोखिम न्यूनीकरणका लागि सरकार तथा सरकारी एवं गैर सरकारी सरोकारवालाहरू, विकास साझेदारहरू, राजनीतिक दल तथा भातृ संगठनहरु तथा निजी क्षेत्रहरुको साझा प्रयासको आवश्यकता पर्दछ । विपद् जोखिम न्यूनीकरण विकास प्रक्रियाको एक भाग भएकोले सरकारका सबै विकाससँग सम्बन्धित निकायहरूले सहकार्य र समन्वय गरेर काम गर्नु आवश्यक छ । विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू आवधिक योजना तथा कार्यक्रममा एकीकृत गर्न र प्रगति नियमित अनुगमन गर्न जरूरी छ । विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना कार्यान्वयनको लागि देहाय बमोजिमका उपायहरू अवलम्बन गरीनेछन् ।

१) यस कार्ययोजनाको योजनाबद्ध कार्यान्वयनका लागि आवधिक तथा वार्षिक योजना तर्जुमा गरी लागु गरीनेछ साथै कार्ययोजनालाई परियोजनाको रुपमा विस्तृतीकरण गरी लागु गरीनेछ ।

२) गाउँपालिकामा विषयगत कार्यक्रमहरू तर्जुमा एवँ कार्यान्वयन गर्दा यस कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिइनेछ ।

३) विपद् जोखिम न्यूनीकरण सम्बन्धि आयोजना तथा कार्यक्रम निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुबर्षीय कार्यक्रम र बजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरीनेछ ।

४) यस कार्ययोजना कार्यान्वयनको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ । साथै विषयगत रणनीति तथा कार्ययोजनाहरूलाई यस कार्ययोजनासँग सामन्जस्य हुने गरी परिमार्जन गरीनेछ ।

उत्थानशिल समुदायको निर्माणमा गाउँपालिकाका संस्थाहरूको निर्दिष्ट र विशिष्ट भूमिका रहेको हुनाले ती संस्थाहरूको गुणात्मक एवम् परिमाणात्मक कार्यसम्पादनमा नै विपद् जोखिम न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन र यसको प्रभावकारिता भर पर्दछ । यसको लागि विभिन्न स्तरमा अनुगमनको आवश्यकता पर्दछ ।

विपद् पश्चात गरीने पुर्ननिर्माण कार्यलाई “**अझै राम्रो र बलियो निर्माण**”मार्फत भविष्यमा हुन सक्ने विपद् जोखिमको न्यूनीकरण सँग जोड्नु जरूरी छ । स्थानीयस्तरमा रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन “वार्षिक प्रतिवेदन र अनुगमन प्रणाली” मार्फत गरीनेछ ।

प्रभावकारी पूर्वतयारीले विपद् प्रतिकार्यलाई चुस्त दुरूस्त बनाउनुका साथै जनधनको क्षतिलाई कम गर्न महत्वपूर्ण भूमिका खेल्छ । यसर्थ विपद् प्रतिकार्यलाई पूर्वतयारीसँग जोड्न जरूरी छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार गठित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यको समन्वय गर्नेछ । यस समितिले बैठक कम्तीमा बर्षको एकपटक फाल्गुण महिनामा बसी रणनीतिक कार्ययोजना कार्यान्वयनको वार्षिक प्रगतिको समीक्षा गर्नेछन् । राजपुर गाउँपालिकाको यस

रणनीतिक कार्ययोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समन्वय राजपुर गाउँपालिकामा गठित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले गर्नेछन् ।

सिद्धान्तत स्वतन्त्र र निष्पक्ष मूल्यांकनका लागि तेस्रो पक्षद्वारा पनि अनुगमन गर्नुपर्ने हुन्छ । यसका लागि छोटो अवधिको लागि परामर्शदाता नियुक्त गरेर तेस्रो पक्षको अनुगमन अवधारणालाई मूर्त रूप दिइनेछ । रणनीतिक कार्य योजना हरेक पाँच वर्षमा पुनरावलोकन गरीनेछ । परिवर्तित अवस्था अनुसार सान्दर्भिक बनाउन आवश्यकता अनुसार रणनीतिक कार्य योजना अद्यावधिक गरीनेछ । रणनीतिक कार्य योजना अद्यावधिक गर्नको लागि सबै सम्बद्ध निकायहरू सहभागी हुनेछन् । रणनीतिक कार्य योजना निम्न अवस्थामा अद्यावधिक गरीनेछ ।

- सरकारको कानून र नीति परिवर्तन भएमा
- विश्वव्यापी संरचना र विकासक्रमसँग तालमेल मिलाउनु आवश्यक भएमा
- प्रमुख विपद् घटना पछिको सिकाईलाई समेट्न जरूरी भएमा
- पाँच वर्ष समीक्षाको निष्कर्ष र सिफारिसहरूका आधारमा

राजपुर गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्र लगायतका अन्य केही लिखित प्रमाणीकरण गर्ने विधि र प्रक्रियालाई व्यवस्थित गर्न बाञ्छिनीय भएकोले नेपालको सविधानको धारा २१४ को उपधारा (५) बमोजिम राजपुर गाउँ कार्यपालिकाले २०७५।१२।२१ मा राजपुर गाउँपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणीकरण कार्यविधि, २०७५ बनाएको छ । यो रणनीतिक कार्य योजना विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साहि कार्यविधिको परिच्छेद-२ को नियम ४को उपनियम १ बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट हस्ताक्षर गरी प्रमाणित गरिएको छ ।

Formatted: Highlight

# सन्दर्भ सामग्री


प्रदेश नं.५ विपद् व्यवस्थापन कार्यसञ्चालन निर्देशिका, २०७६

प्रदेश नं.५ विपद् व्यवस्थापन कोष कार्यसञ्चालन निर्देशिका, २०७५

मनसुन पुर्वतयारी कार्ययोजना दाङ्ग, २०७७

राजपुर गाउँपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणीकरण कार्यविधि, २०७५

राजपुरका विभिन्न सामुदायिक विपद् तथा जलवायु उत्थानशिल समितिले तयार गरेका जलवायु समावेंशी

संकटासन्नता र क्षमताको विश्लेषण प्रतिवेदन २०७४

पूर्वानुमानमा आधारित बाढी पूर्वतयारीको लागि कार्य संचालन विधी दाङ्ग, नेपाल, २०७४

राजपुर गाउँपालिकाको पार्श्वचित्र, २०७४

दाङ जिल्ला पार्श्वचित्र २०७३

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, दाङ्ग २०७७

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०

विपद् जोखिम न्यूनीकरण नीति २०७५

सेन्डाइकार्यढाँचा २०१५-२०३०

केन्द्रीय तथ्याङ्क विभाग २०६८


**Formatted:** Highlight

**Formatted:** Highlight